
# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ४६ | काठमाडौं | शुक्रबार, २५ जेठ २०८१ | Prabhab National Daily | Friday, June 7, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# १० वर्षदेखि भारतमा मोदी प्रधानमन्त्री

### नेपालमा फेरिए ७ पटक, देउवा, ओली र दाहाल दुई दुई पटक


■ **प्रभाव संवाददाता**

**काठमाडौं–** छिमेकी मुलुक भारतमा नरेन्द्र मोदी तेस्रोपटक प्रधानमन्त्री बन्दैछन् । सन् २०१४ मा पहिलोपटक प्रधानमन्त्री बनेका मोदीले आइतबार शपथ लिने कार्यक्रम छ । उक्त समारोहमा भाग लिन नेपालबाट प्रधानमन्त्री पुष्पकमल दाहाल पनि जाने पक्का भएका छन् ।

| को कहिले प्रधानमन्त्री ? | | |
|---|---|---|
| क्रसं | कार्यकाल | प्रधानमन्त्री |
| १ | वि.सं. २०७०/१०/२८ देखि २०७२/०६/२४ | सुशील कोइराला |
| २ | वि.सं. २०७२/०६/२५ देखि २०७३/०४/१९ | केपी शर्मा ओली |
| ३ | वि.सं. २०७३/०४/१९ देखि २०७४/०२/२३ | पुष्पकमल दाहाल |
| ४ | वि.सं. २०७४/०२/२४ देखि २०७४/११/०३ | शेरबहादुर देउवा |
| ५ | वि.सं. २०७४/११/०३ देखि २०७८/०१/३० | केपी शर्मा ओली |
| ६ | वि.सं २०७८/०३/२९ देखि २०७९/०९/१० | शेरबहादुर देउवा |
| ७ | वि.सं. २०७३/०४/१९ देखि २०७४/०२/२३ | पुष्पकमल दाहाल |

'प्रधानमन्त्री दाहालले भारतीय प्रधानमन्त्रीको शपथग्रहणमा सहभागिता जनाउने निर्णय भएको छ,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकपछि सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन् । गैरकांग्रेसी प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकालको शपथ लिने उनी पहिलो भारतीय प्रधानमन्त्री हुन् । यसअघि भारतीय कंग्रेसका जवहरलाल नेहरू तेस्रोपटकसम्म प्रधानमन्त्री बनेका थिए ।

सन् २०१४ मा प्रधानमन्त्री मोदीको पहिलो कार्यकालको शपथग्रहण समारोहमा उनले दक्षिण एशियाका सबै देशका शीर्ष नेताहरूलाई निम्तो दिएका थिए । उक्त शपथग्रहण समारोहमा नेपालका तर्फबाट सुशील कोइराला सहभागी भएका थिए । त्यसबेला कोइरालाले मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका थिए भने दुई देशका प्रधानमन्त्रीबीच सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो । सन् २०१९ मा दोस्रो कार्यकालका लागि प्रधानमन्त्री हुँदा त्यतिबेला केपी शर्मा ओली शपथ समारोहमा पुगेका थिए । २०७६ जेठ १६ गते बिम्स्टेक सदस्य मुलुकका राष्ट्र र सरकार प्रमुखलाई साक्षी राख्दै मोदीले दोस्रोपटक प्रधानमन्त्री पदको शपथ खाएका थिए । उक्त समयमा भारतीय प्रधानमन्त्री मोदीले छिमेकलाई साथ लिएर जाने सुनाएको र त्यही आधारमा सम्वन्ध अघि बढ्ने बताएका थिए ।

**भारतमा १० वर्षदेखि एकै जना, नेपालमा चार जना**

सन् २०१४ बाट भारतमा भारतीय जनता पार्टीका नेता मोदी प्रधानमन्त्रीमा निरन्तर छन् । अझ थप पाँच वर्ष उनी प्रधानमन्त्री हुने देखिन्छ । यसले यहाँको स्थिर सरकारको परिचय दिन्छ । यता नेपालमा भने यो अवधिमा चार जना प्रधानमन्त्री भइसकेका छन् । चार जना प्रधानमन्त्री हुँदा सुशील कोइराला एक पटक र अरु तीन जना नेता भने दुई दुई पटक प्रधानमन्त्री बनिसकेका छन् । मोदीको पहिलो कार्यकालमा कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री थिए ।

(क्रमशः पृष्ठ २ मा)

# दाहालको फड्कोमा ओलीको अड्को

### मन्त्रिपरिषद्बाट एक-एक जना मन्त्री फिर्ता बोलाउन ओली असहमत

### जनमत र नागरिक उन्मुक्तिलाई सरकारमा सहभागी गराउन झमेला

■ **जेबी योञ्जन**




**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)लाई सरकारमा सहभागी गराउन एमाले अध्यक्ष केपी शर्मा ओलीसँग एमाले र माओवादीबाट एक-एक जना मन्त्री फिर्ता बोलाउन भन्दै राखेको प्रस्ताव अस्वीकृत भएको छ ।

अध्यक्ष ओलीले कुनै पनि हालतमा मौजुदा मन्त्रिपरिषद्बाट मन्त्री फिर्ता नबोलाउने अडान लिएका हुन् । चाँडै मन्त्री फिर्ता बोलाउँदा जनतामा राम्रो सन्देश नजाने बताएको ओलीनिकट स्रोतले जनाएको छ । एक-एक जना मन्त्री फिर्ता बोलाउन ओली असहमत भएसँगै जनमत र नाउपालाई सरकारमा सहभागी गराउन प्रधानमन्त्री दाहाल तत्कालका लागि असमर्थ भएका हुन् ।

मंगलबार प्रधानमन्त्री दाहालले यी दुई दललाई सरकारमा सहभागी गराउनेबारे ओली र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसँग संवाद गरेका थिए । त्यसबेला पनि ओली पार्टीको तर्फबाट सरकारमा प्रतिनिधित्व गर्ने मन्त्रीलाई फिर्ता बोलाउने पक्षमा थिएनन् । 'मन्त्री भएर भर्खर पर्फर्मेन्स देखाउने बेला हुँदैछ । यहीबेला फिर्ता बोलाउनु ठीक हुँदैन । अध्यक्ष कमरेडको पनि बुझाइ यही हो', एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले प्रभावसँग भने, 'त्यही भएर एमालेले मन्त्री फिर्ता बोलाउने सन्दर्भमा सहमति प्रकट गर्दैन ।'

एमालेबाट यसअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीलाई फिर्ता बोलाउने चर्चा थियो । उनी दाहाल नेतृत्वकै सरकारमा दोस्रोपटक मन्त्री भएकी हुन् ।

> ओलीले कुनै पनि हालतमा मौजुदा मन्त्रिपरिषद्बाट मन्त्री फिर्ता नबोलाउने अडान लिएका हुन् । चाँडै मन्त्री फिर्ता बोलाउँदा जनतामा राम्रो सन्देश नजाने बताएको ओलीनिकट स्रोतले जनाएको छ । एक-एक जना मन्त्री फिर्ता बोलाउन ओली असहमत भएसँगै जनमत र नाउपालाई सरकारमा सहभागी गराउन प्रधानमन्त्री दाहाल तत्कालका लागि असमर्थ भएका हुन् ।

कांग्रेस नेता विजयकुमार गच्छदारलाई पराजित गर्दै राजनीतिमा उदाएकी उनलाई मन्त्रीबाट फिर्ता गर्ने चर्चापछि उनले ओलीसँग असहमति प्रकट गरेकी थिइन् । जसले गर्दा ओली पनि मन्त्री फिर्ता बोलाउन तयार नभएको बताइएको छ ।

उपाध्यक्ष पाण्डेका अनुसार जनमत र नाउपालाई सरकारमा सहभागी गराउनेबारे छलफल भइरहेको छ । तर, निष्कर्षमा भने पुग्न बाँकी छ । मधेस प्रदेश सरकार गठन भएपछि यस विषयमा थप छलफल हुने पनि पाण्डे बताउँछन् । 'मधेसमा सरकार गठन भइसकेको अवस्था होइन । गठबन्धन दलहरूको मुख्य ध्यान अहिले मधेस सरकारमा छ', उनले भने, 'मधेस सरकार गठनपछि केन्द्र सरकारमा जनमत र नाउपालाई कसरी सहभागी गराउने ? कुन कुन दलबाट मन्त्री फिर्ता बोलाउने ? छलफल हुन्छ ।'

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट अलग भएका नेता अशोक राईले जसपा गठन गरेसँगै विकसित राजनीतिक घटनाक्रमका बीच केन्द्र सरकार पुनर्गठनको बहस चलिरहेको छ । प्रधानमन्त्री दाहालका प्रमुख स्वकीय सचिव रमेश मल्लले सरकार गठनको सन्दर्भमा बहस भइरहे पनि ठोस निष्कर्षमा दलहरू पुग्न भने बाँकी रहेको बताए ।

माओवादीबाट सरकारमा सहभागी भएका पुराना मन्त्रीहरूलाई फिर्ता बोलाउने कि नबोलाउने सन्दर्भमा माओवादी पनि अनिर्णित छ । यसबारे पार्टीको बैठक बसेर निर्णय भएकै छैन । पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाले भने, 'पुराना सबै मन्त्रीलाई फिर्ता बोलाएर नयाँ नियुक्त गर्ने कि के गर्ने ? हामी टुंगोमा पुग्न बाँकी छ । किनभने हामीले यसबारे बैठक नै गरेका छैनौं ।'

पार्टीभित्र पुरानालाई फिर्ता बोलाउनुपर्ने मत बलियो छ । र, कार्यसम्पादनमा उत्कृष्ट नदेखिएका मन्त्रीहरूलाई फिर्ता बोलाउने मत पनि छ । यहीबेला प्रधानमन्त्री दाहाल व्यस्त छन् । त्यही भएर मापदण्ड तयार गरेर प्रधानमन्त्री दाहालले कुन कुन मन्त्रीलाई फिर्ता गर्ने भन्ने टुंगो लगाउन बाँकी छ ।

एमाले, माओवादी, रास्वपा, एकीकृत समाजवादी र जसपा मिलेर बनेको पछिल्लो समीकरणमा नाउपा र जपा थपिएका छन् । यी दुई दललाई समेटेर प्रधानमन्त्री प्रचण्ड सरकारलाई थप बलियो बनाउने तयारीमा छन् । जेठ १८ गते प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्रीसँगको भेटमा नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले सरकारमा जानेबारे चासो व्यक्त गरेकी थिइन् । उनको चासोलाई सम्बोधन गर्दै दाहाल सरकारमा सहयात्री दलहरूसँग छलफल गरेर एक मन्त्रालय दिने आश्वासन दिएका थिए । सरकारमा श्रेष्ठ आफैं जाने तयारीमा छिन् । तर कुन मन्त्रालय दिने भन्नेमा प्रधानमन्त्री प्रचण्ड अप्ठ्यारोमा परेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# अनलाइन प्रणालीबाटै मागपत्र प्रमाणीकरण हुने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगार सम्बन्धी मागपत्र प्रमाणीकरण कार्य अनलाइन प्रणालीबाटै हुने व्यवस्थाको सुरुवात गरेको छ । बिहीबार अनलाइनबाट प्रमाणीकरण गर्ने प्रक्रिया नेपाली राजदूतावास अबुधाबीबाट सुरु गरिएको हो ।

उपप्रधान एवं परराष्ट्रमन्त्री नरायणकाजी श्रेष्ठले विदेशस्थित नेपाली नियोगहरूबाट मागपत्र प्रमाणीकरण अनलाइन प्रणालीको सुरुवात गरेका हुन् । सुशासन तथा ई-गभर्नेन्सको अवधारणा अनुरूप अत्याधुनिक सूचना प्रविधिको प्रयोग गर्दै अनलाइन प्रणालीमार्फत पहिलो पटक वैदेशिक रोजगारसम्बन्धी मागपत्र प्रमाणीकरणको सुरुआत भएको मन्त्री श्रेष्ठले बताए । विदेशस्थित नेपाली नियोगबाट रोजगारदाता कम्पनीले गर्नुपर्ने वैदेशिक रोजगार सम्बन्धी मागपत्र प्रमाणीकरणको प्रकृयालाई सरल, सहज र प्रविधिमैत्री बनाउने उद्देश्यले अनलाइन प्रणाली जरुरी भइसकेको उनको भनाई छ । 'वैदेशिक रोजगारमा नेपालीको लागि अवसर र चुनौती दुबै भएकाले त्यसलाई थप सुरक्षित र व्यवस्थित बनाउन जरुरी देखिएको हुँदा अनलाइन प्रणालीको विकास गरिएको हो,' उनले भने, 'विस्तारै सबै कुटनीतिक नियोगबाट अनलाइन प्रणालीलाई विस्तार गरी सेवा प्रवाह प्रभावकारी बनाइने छ ।'

परराष्ट्र मन्त्रालय अर्न्तगत कन्सुलर सेवा विभागले निर्माण गरेको अनलाइन प्रणालीलाई वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)सँग पनि अन्तरआबद्ध गरिएको मन्त्री श्रेष्ठले बताए । जसका कारण मागपत्र प्रमाणीकरण र श्रम स्वीकृति सम्बन्धी कार्य एउटै प्रणालीबाट सम्पन्न हुने विश्वास व्यक्त गरे ।

(क्रमशः पृष्ठ २ मा)

# सामाजिक सुरक्षा कोष बाध्यकारी बनाउन जोड

**काठमाडौं (प्रस)–** योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई औपचारिक, अनौपचारिक र स्वरोजगारमा रहेको श्रमिकको लागि बाध्यकारी व्यवस्था गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई जस्तै गरी अरुलाई पनि बाध्यकारी रूपमा नै कोषमा आबद्ध हुनुपर्ने व्यवस्था गर्नुपर्नेमा जोड दिएका हुन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले लुम्बिनी प्रदेशमा आयोजना गरेको श्रमाधान रोजगार मेलामा सम्पन्न कार्यशालाका वक्ताले औपचारिक, अनौपचारिक र स्वरोजगारका श्रमिकलाई कोषको योजनामा आवद्ध नभएसम्म व्यवसाय दर्ता नविकरण, सरकारी कार्यालयबाट पाउने अन्य सुविधाबाट बञ्चित गरेर भए पनि यसलाई अनिवार्य गर्नुपर्ने बताएका हुन् ।

नेपाल उद्योग परिसंघका केन्द्रीय सदस्य एवम् श्रमाधान रोजगार मेला लुम्बिनी प्रदेशका संयोजक एजाज आलमले सरकारले तोकेको न्यूनतम ज्याला कार्यान्वयन नगर्ने र कोषको योजनामा आफ्ना श्रमिकलाई आवद्ध नगराउने रोजगारदाता प्रतिष्ठानको अनुगमन गरेर कारबाही गर्नुपर्ने बताए । त्यस्तै संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटयुसीसी) काजीमान श्रेष्ठले सरकारले लागू गरेको श्रम र सामाजिक सुरक्षा ऐन कार्यान्वयनमा रोजगारदाता जिम्मेवार नभएको र सरकारको अनुगमन फितलो भएका कारण कार्यान्वयनमा समस्या भइरहेको बताए ।

लुम्बिनी प्रदेश श्रम रोजगार कार्यालयका प्रमुख कृष्णप्रसाद भुसालले लुम्बिनी प्रदेशमा रहेका रोजगारदाता प्रतिष्ठान, ती प्रतिष्ठानमा कार्यरत योगदानकर्ता, स्वरोजगार र अनौपचारिक क्षेत्रमा कार्यरतलाई कोषको योजनामा आवद्ध हुन आग्रह गर्दै आएको बताए । कोषका निर्देशक दिनेश कोइरालाले कोषले यही १७ गतेदेखि योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध भई निरन्तरता दिने वैदेशिक रोजगारीमा गएका श्रमिक र अनौपचारिक एवं स्वरोजगार क्षेत्रका श्रमिकका परिवारलाई औषधी उपचार सुविधा दिन सुरु गरेको जानकारी दिए ।

कोषको योजनामा हालसम्म १९ हजार रोजगारदाता, लगभग १४ योगदानकर्ता कोषको योजनामा आबद्ध भएको बताइएको छ । जसमा औपचारिक क्षेत्रका श्रमिक पाँच लाख बढी आबद्ध भएका छन भने वैदेशिक रोजगारका साढे आठ लाख बढी कोषको योजनामा आबद्ध भएका छन स्वरोजगारका ९३ र अनौपचारिक क्षेत्रका २७१ श्रमिक रहेका छन । कोषका अनुसार हाल रोजगारदाता र योगदानकर्ता, वैदेशिक रोजगारीमा गएका श्रमिक, अनौपचारिक र स्वरोजगारका श्रमिक गरेर अहिलेसम्म ५५ अर्ब बढी रकम संकलन भएको छ ।




# भक्तपुर अस्पताल बन्यो देशभरकै उत्कृष्ट

■ रमेश गिरी



**भक्तपुर–** सेतो लामो एकतले भवन । जस्ताको छानो भए पनि राणाकालीन शैलीझैं देखिने उक्त भवनमा आजभन्दा १२० वर्ष अगाडि 'श्री चन्द्रलोक डिस्पेन्सरी'को नामबाट स्वास्थ्य सेवा सुरु गरेको नेपालकै दोस्रो पुरानो अस्पताल हो 'भक्तपुर अस्पताल' ।

स्थापनाको १०० वर्ष पार गरिसक्दा पनि सेवा विस्तारदेखि स्तरोन्नतिमा पछाडि पर्दै आएको यस अस्पताल मेडिकल माफियाका चंगुलमा पर्दा वर्षौंसम्म 'रिफर सेन्टर'का रूपमा परिणत भएको थियो । भ्रष्टाचारसम्बन्धी विवाद आइरहचो, जनताको विश्वास गुम्दा बिरामीले भक्तपुर अस्पताल रोज्न छाडे । भक्तपुर अस्पताल आफैं बिरामी भनेर कयौंपटक समाचार आए पनि ।

तर, कोरोना महामारीको संकटमा भक्तपुर अस्पतालको नेतृत्व सम्हाल्न आइपुगेकी एक महिला प्रमुखको अथक मिहेनत र प्रयासले अहिले यो अस्पताल लगातार दुईपटक देशका सात प्रदेशमध्येका उत्कृष्ट अस्पताल बन्न सफल भएको छ । यस वर्ष पनि देशभरमा अस्पतालमध्ये उत्कृष्ट अस्पताल बन्न सफल भयो । भ्रष्टाचार, कमिसन र माफियाको चंगुलबाट अस्पताललाई जोगाउने र निश्चित नियम एवं मापदण्डको परिधिभित्र रहेर अस्पताल सञ्चालन गर्ने हो भने भौतिक पूर्वाधारदेखि स्वास्थ्य सेवामासमेत जनताको मन जित्नेगरी फड्को मार्न सकिन्छ भन्ने उदाहरण भक्तपुर अस्पतालमा तेस्रोपटक मेडिकल डाइरेक्टर भएर आएकी डा. सुमित्रा गौतमले चरितार्थ गरेर देखाएकी छन् ।

सेवा विस्तार गर्न नसक्दा, आइसियू नहुँदा, आकस्मिक कक्षमा आएका बिरामीलाई सामान्य जाँचपछि निजी अस्पतालमा पठाउने परम्पराले क्लिनिकको रूपमा बदनाम बन्दै आएको यस अस्पतालको नेतृत्वमा इच्छाशक्ति बलियो भएको प्रमुख आउँदा अस्पतालको स्वरूप परिवर्तन हुन्छ भन्ने भनाइलाई डा. गौतमले चरितार्थ गरेको भक्तपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष नवराज गेलाल बताउँछन् । उनी भन्छन्, 'म दुई वर्ष भक्तपुर अस्पतालको अध्यक्ष भइरहँदा दुई जना मेसु फेरिए, मैले पटक-पटक मन्त्रालय धाएर पाँच शयचाको आइसियू सञ्चालनका लागि सबै सामान ल्याएँ तर तत्कालीन मेसुले आइसियू सञ्चालन गर्न नै चाहनुभएन ।' अहिले कमिसन र भ्रष्टाचारको दलदलबाट अस्पताललाई जोगाउन सकिएको उनको भनाइ छ ।

अस्पताल विकास समितिका निवर्तमान अध्यक्ष प्रेम खड्का भक्तपुर अस्पताललाई प्रदेश नभई सरकारले केन्द्रीय अस्पतालको रूपमा विकास गर्नुपर्ने बताउँछन् । आफू अध्यक्ष हुँदा त्यसका लागि निकै पहल गरेको भए पनि असफल भएको भन्दै केन्द्रीय सरकारको छायाँमा परेको र आफ्ना स्वार्थमात्रै हेर्ने प्रमुख आउँदा अस्पताल समस्यामा पर्ने गरेको बताउँछन् । अहिले अस्पतालको मुहार फेरिएको देख्दा आनन्द आउने बताउँदै उनले केही गर्छु भन्ने व्यक्तिलाई सम्बन्धित मन्त्रालयले अनावश्यक सरुवा गर्न नहुने बताउँछन् ।

अस्पताल विकास समितिको अध्यक्ष रमन कायस्थले अस्पताल एउटा जिल्लाका लागिमात्रै नभई पूर्वी जिल्लाका बिरामीका लागि भरोसाको केन्द्र बनिरहेको बताए । बिरामीमा यस अस्पतालप्रति बढिरहेको विश्वास र भरोसालाई टुट्न नदिन सरकारले मेडिकल माफियाको चंगुलमा परेर अस्पतालका निर्देशक छिटो फेर्ने प्रचलन बन्द गर्नुपर्ने उनी बताउँछन् ।

तत्कालीन श्री ३ प्रधानमन्त्री चन्द्रशमशेर राणाले १९६१ असार १७ गते आफ्नै नाम जोड्दै १५ शयचाको 'श्री चन्द्रलोक डिस्पेन्सरी' नामबाट स्थापना गरेका भक्तपुर अस्पताल अहिले नेपालकै दोस्रो जेठो अस्पतालको रूपमा परिचित छ । १९४७ साउन १२ गते श्री ३ वीरशमशेरले स्थापना गरेको नेपालकै पहिलो वीर अस्पतालपछि स्थापना भएको भक्तपुर अस्पताल जन्मिएको भवन यतिखेर भक्तपुर क्यान्सर अस्पतालले प्रयोग गरिरहेको छ ।

वि.सं. २०५१ मा क्यान्सर केयर सेन्टरको नाममा नेपाल अर्बुद रोग निवारण संस्थाले भक्तपुर अस्पतालसँगको समन्वयमा उक्त भवन लिएर नेपालकै पहिलो क्यान्सर रोग विशेषज्ञ एवं शल्य चिकित्सक डा. अञ्जनीकुमार शर्माको नेतृत्वमा क्यान्सर रोगको परीक्षण सुरु गरिएको थियो । *रासस*

## प्रधानमन्त्रीलाई संयुक्त राष्ट्रसंघ महासचिवको निमन्त्रणा

**काठमाडौं–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसले आगामी सेप्टेम्बरमा आयोजना हुने 'समिट अफ द फ्युचर' सम्मेलनमा सहभागिताका लागि प्रधानमन्त्री पुष्पकमल दाहाललाई निमन्त्रणा दिएका छन् । नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधि हाना सिङ्गरले प्रधानमन्त्रीलाई भेट गरी बिहीबार महासचिव गुटेरेसको निमन्त्रणापत्र हस्तान्तरण गरेको प्रधानमन्त्रीका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिए ।

उक्त अवसरमा प्रधानमन्त्री दाहालले राष्ट्रसंघका महासचिवले नेपालको भ्रमण गरी यहाँको सरोकार र चासोलाई अन्तर र्राष्ट्रियकरण गरेकोमा आभार व्यक्त गरे । दाहालले राष्ट्रसंघले आयोजना गरेको सम्मेलनमा भाग लिन आफू सकारात्मक रहेको पनि जानकारी गराए । राष्ट्रसंघका आवासीय प्रतिनिधि सिङ्गरले संयुक्त राष्ट्रसंघको विश्वशान्ति अभियानमा नेपालले महत्वपूर्ण सहयोग गर्दै आएको उल्लेख गर्दै पछिल्लो समय जलवायु परिवर्तनमा नेपालले निर्वाह गरेको भूमिकाका लागि पनि नेपालले समिटमा भाग दिनुपर्ने बताइन् ।

जलवायु परिवर्तनलगायत समकालीन चुनौतीका साथै दिगो विकास लक्ष्य प्राप्तिलगायत विषयमा छलफल गर्न संयुक्त राष्ट्रसंघको आयोजनामा आगामी सेप्टेम्बर २२ र २३ मा न्युयोर्कमा 'समिट अफ द फ्युचर' हुन लागेको हो ।

## बीएण्डसीलाई १५ दिनभित्र सम्बन्धन दिन सर्वोच्चको परमादेश

**काठमाडौं–** सर्वोच्च अदालतले बीएण्डसी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिलाई १५ दिनभित्र सम्बन्धन दिन परमादेश जारी गरेको छ ।

न्यायाधीशद्वय कुमार चुँडाल र सारङ्गा सुवेदीको संयुक्त इजलासले गत चैत १२ गते गरेको फैसलाको बिहीबार पूर्णपाठ सार्वजनिक गर्दै मेडिकल व्यवसायी दुर्गा प्रसाईंद्वारा सञ्चालित उक्त अस्पताललाई सम्बन्धन दिन काठमाडौं विश्वविद्यालय धुलिखेल काभ्रेपलाञ्चोक, चिकित्सा शिक्षा आयोगसानोठिमीभक्तपुरलगायतका नाममा परमादेशको जारी गरेको हो । फैसलामा भनिएको छ, 'प्रक्रियाअन्तर्गत गठित निरीक्षण टोलीले औल्याएका मापदण्डअनुसारका जनशक्तिको व्यवस्थापन साथै सो निरीक्षण टोलीले तोकेका कार्यहरू पूरा गर्न लगाई पन्ध्र दिनभित्र यस वर्षको शैक्षिक सत्र सुरु हुनु अगावै एमबीबीएस विद्यार्थी भर्ना गर्न पाउने गरी सम्बन्धन दिनु दिलाउनु ।'

पृष्ठ १ बाट क्रमशः

### दाहालको फड्कोमा ...

उनले पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलाई फिर्ता बोलाएर श्रेष्ठका लागि मन्त्रिपरिषद्मा स्पेस खाली गर्न सक्ने चर्चा पनि थियो । सरकारमा एमालेबाट एक उपप्रधानमन्त्रीसहित ८ मन्त्री सहभागी छन् । माओवादीबाट प्रधानमन्त्री, एक उपप्रधानमन्त्री ५ जना मन्त्री छन् । रास्वपाबाट एक उपप्रधानमन्त्रीसहित ४, जसपाबाट दुईमन्त्री र एक राज्यमन्त्री सहभागी छन् । एकीकृत समाजवादीबाट दुई जना मन्त्री छन् ।

यदि, एमालेले मन्त्री फिर्ता नबोलाएको अवस्थामा दाहालले थप दुई मन्त्रीलाई फिर्ता बोलाउनुपर्ने हुन्छ । माओवादी प्रवक्ता सापकोटा यो विकल्प पनि सरकार पुनर्गठनका लागि उपयुक्त हुने बताउँछन् । हाल सरकारमा अर्थमन्त्री वर्षमान पुन र तामाङ नयाँ मन्त्री हुन् । उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत र सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा भने दाहाल नेतृत्वको सरकारमा निरन्तर मन्त्री छन् ।

■■■

### १० वर्षदेखि भारतमा...

उनको पहिलो कार्यकालमा एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी अध्यक्ष दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बने । उनको दोस्रो कार्यकालमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री थिए । सोही कार्यकालमा देउवा फेरि प्रधानमन्त्री बने । माओवादीसँग एमालेको एकतापछि बनेको नेकपाकालमा ओली दोस्रो कार्यकालका लागि प्रधानमन्त्री बनेका थिए । मोदी दोस्रोपटक प्रधानमन्त्री बन्दा ओली नयाँ दिल्ली पुगेका थिए । अहिले माओवादी अध्यक्ष दाहाल प्रधानमन्त्री छन् । यसअघि देउवा फेरि प्रधानमन्त्री भइसकेका छन् ।

■■■

### अनलाइन प्रणालीबाटै ...

अनलाइन प्रणालीको सुरुआत भएसँगै दूतावासहरूमा मागपत्र प्रमाणीकरणकै नाममा हुने भीडभाड नियन्त्रणमाासमेत सहयोग पुग्ने उनको भनाई छ । 'अनलाइन प्रणालीले दूतावासहरूमा कार्यचाप कम हुने, विचौलिया जन्य कार्य निरुत्साहित हुने, कम्पनीको डिजीटल रेकर्ड राख्न मद्दत पुग्नेछ,' मन्त्री श्रेष्ठले भने, 'यसबाट कामदार मागपत्र प्रमाणीकरण गराई लगेका कम्पनीमा कार्यरत नेपाली कामदारलाई समस्या परेमा मद्दत गर्न सघाउ पुग्ने, सम्पूर्ण प्रक्रिया सरल, सहज र पारदर्शी गराइ विद्युतीय सुशासन कायम भई सेवाग्राही लाभान्वित हुनेछन् ।'

मन्त्री श्रेष्ठले अनलाइन प्रणालीको सुरुवात र क्रमशः हुँदै जाने विस्तारले वैदेशिक रोजगार व्यवसायी तथा रोजगारदाताले गर्दै आएको मागपत्र प्रमाणीकरण सम्बन्धी राख्दै आएको गुनासोसमेत सम्बोधन हुने अपेक्षा गरिएको बताए ।

त्यसैगरी कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीलाई समयानुकुल र प्रविधिमैत्री बनाउँदै लैजान आफ्नो मन्त्रालयले गम्भिरतापूर्वक गृहकार्य गरिरहेको बताए । उनले वैदेशिक रोजगारीलाई अरु व्यवस्थित र मर्यादित बनाउने कार्यमा पनि अध्ययन भइरहेको जानकारी दिए । मन्त्री अर्यालले अनलाइन प्रणालीको सुरुआतसँगै दुई मन्त्रालयबीच 'कन्फ्लिक्ट' छ की भन्ने दुविधा हटाउने र मागपत्र प्रमाणीकरणमा सहजीकरण हुँदै जाने बताए । उनले मागपत्र प्रमाणीकरणमा सम्बन्धीत दूतावासका राजदूतलाई मात्र जिम्मेवारी दिंदा कार्यभार बढ्ने भएकाले अन्य कर्मचारीलाई पनि ट्रेनिङ दिएर जिम्मेवारी दिनु राम्रो हुने सुझाव दिए ।

अनलाइन प्रणाली लागू भएसँगै रोजगारदाता कम्पनीले दूतावासमा धाउनुपर्ने, कागजातको आधिकारिता परीक्षण गर्न कठिनाइ हुने, कार्य प्रक्रिया पारदर्शी नहुने, धेरै समय र लागत लाग्नेजस्ता समस्या हल हुने कन्सुलर विभागले जनाएको छ । यसबाट रोजगारदाता कम्पनी तथा नियोगको कार्य पारदर्शी, सहज र कागजरहित हुनुका साथै सेवाग्राहीहरूले समेत लाभ प्राप्त गर्ने र रोजगारदाताले गर्दै आएको गुनासो पनि समाधान हुने विभागका महानिर्देशक प्रकाशमणि पौडेलले बताए ।


## मोटरसाइकल हराएको सूचना

गंगा अटोमोबाईल्स (ऋणी लिलाधर गीरी) को नाममा रहेको निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८१।०२।१२ गते काठमाण्डौ जिल्ला का.म.न.पा १६ बालाजु प्रहरी चौकीदेखि ५० मिटरको दुरीमा पार्किङ गरेको अवस्थाबाट साझ ०७:१८ तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 220 F
बाई नं. Sudur Paschim Province -01-012 Pa 5031
चेसिस नं. MD2A13EXINCM85872
इन्जिन नं. DKXCNM40181
रङ – Sparkle met Black, Red
सम्पर्क – 9848462362

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **B And G International Overseas Pvt. ltd.** (ई.प.नं.१३६८/०७४/०७५) मा कार्यरत **Nabaraj Timsina (Citizenship number: 63329/64329)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं.१३६८/०७४/०७५
B AND G INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal, Kathmandu, Nepal. Tel: 01-4110980
E-mail: bng@gmail.com, Web: www.bnginternational.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ४५ जेठ २४ गते २०८१ मा प्रकाशित **Bhairab International Service Pvt. Ltd.** को Lot No. 305787 को **Marhaba Building Cleaning Services** कम्पनीको विज्ञापनमा **युएईमा वैदेशिक रोजगारको अवसर तथा मासिक तलब AED मा** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal. Tel: +977-1-4110906, Mobile: 9803411034, 9741688728
Email: service.bhairabintl@gmail.com

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Business Development Manager (International)-1 (F)
2. Receptionist-1 (F)
3. Admin Secretary- 1 (F)

**Qualification: For Develpment Manager:** must have minimum experience of abroad marketing, business develpment & promotion for atleast of 2 to 4 years, **bachelor degree in Marketing,** सम्बन्धित क्षेत्रमा २ देखि ४ वर्षको अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: आपसी समझदारीमा**

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ELECTROLUX MAINTENANCE & COMMERCIAL SERVICES LLC**

पूर्व स्वीकृति मिति: २०८१/०२/२४ LT. No. 305958 चलानी नं. ६०२२०६७८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner/Helper | 100 | 5 | 800 | २९,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/–

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Simrik Overseas Pvt. Ltd. श्रम ईजाजत नं. २२३/०५८/०५९
Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336, 01-4475337,
9851030654 9803395319, 9851236197 9842386737 9851227788


# JUGAL RURAL MUNICIPALITY

## Office Of The Rural Municipal Executive

**Baramchi, Sindhupalchok**

**Bagmati Province,Nepal**

## INVITATION FOR SEALED QUOTATION

**Invitation for Sealed Quotation for Supply and Delivery of Sanitary Pad, Sanitary Pad Smart Card Vending Machine and Sanitary Pad Disposable Machine**

**IFQ No: JRM/SQ/GOODS/02/080-081**

***Second Date of publication: 2081/02/25(07-06-2024)***

1. The Jugal Rural Municipality Office ,Baramchi, Sindhupalchok invites Sealed Quotation from the Registered Suppliers' for the Supply and Delivery of following Goods.

| IFQ No | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| JRM/SQ/ GOODS/02/ 080-081 | Supply and Delivery of Sanitary Pad, Sanitary Pad Smart Card Vending Machine and Sanitary Pad Disposable Machine | 26000 | Rs 1000 | 2081/02/31 (13-06-2024) at 12:00 hrs | 2081/02/31 (13-06-2024) at 13:00 hrs |

2. The Jugal Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of Sanitary Pad, Sanitary Pad Smart Card Vending Machine and Sanitary Pad Disposable Machine.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jugal Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from www.bopatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account

   **Name of the Bank: Kumari Bank Ltd** **Name of Office: Jugal Rural Municipality**
   **Office Account no.: 2670247816200009** **Account Name. : Ga.1.1 ANTARIK RAJASWA KHATA**
5. Sealed bids must be submitted to the office Jugal Rural Municipality by www.bopatra.gov.np/egp on or before 12:00 hrs on **2081/02/31 (13-06-2024)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2081/02/31 (13-06-2024) at 13:00 hrs** at the office of Jugal Rural Municipality, Baramchi Sindhupalchok. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 26000, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 2670247816200004, Account Name: GA 3 DHARAUTI KHATA at Kumari Bank Ltd and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Jugal Rural Municipality notice board and in Official Website.

**Chief Administrative Officer**
**Jugal Rural Municipality**

# ललितपुरका घर–घरमा नगरप्रहरी अभियान




**ललितपुर (प्रस)–** ललितपुर महानगरपालिकाको नगरप्रहरीले घरघरमा नगरप्रहरी अभियान सुरु गरेको छ । महानगरको सेवा सुविधाबारे जानकारी दिन तथा विकास निर्माण र कर व्यवस्थापनलाई नागरिकमैत्री बनाउन यो अभियान सुरु गरिएको बिहीबार एक समारोहबीच जानकारी गराइयो ।

'ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा, संस्कृतिसहितको स्मार्ट सेवा र पूर्वाधार' भन्ने नाराका साथ आफ्ना गतिविधिहरू, विकास निर्माणका काम र सामाजिक काम गर्दै आएको सुन्दर ललितपुर नगरी, घरघरमा नगरप्रहरी परिचालन अभियानको बिहीबार महानगरप्रमुख चिरीबाबु महर्जनले उद्घाटन गरे । ललितपुरले सुरु गरेको यो अभियान देशकै नयाँ नौलो भएको दाबी महर्जनको छ । उनले यस अभियानले बहुआयामिक महत्त्व कायम गर्ने धारणा राखे ।

'निर्वाचन जितेर जनप्रतिनिधि जनताको घरदैलोमा पुग्न नसकेको अवस्थामा घरघरमा पुगेर त्यसको रिक्ततालाई मेट्दै उनीहरूको सेवा, सुविधा र सहयोगमा थप मद्दत पुर्‍याउने छन् भन्ने हाम्रो विश्वास छ, वडा अध्यक्षलाई पनि काम गर्न सहज हुने छ,' उनले भने ।

अभियानमा भएका राम्रा नराम्रा अनुभव, गतिविधि तथा सुधार गर्नुपर्ने पक्षलाई समेटेर नगरप्रहरी प्रमुखले प्रत्येक हप्ताको जानकारी महानगर प्रमुखलाई गराउने व्यवस्थापन भएको उनले जानकारी गराए । यो अभियानमा नेपाल प्रहरीलगायतका सुरक्षा निकायसँग सहकार्य गरिने जानकारी गराउँदै नगरप्रमुख महर्जनले नगर प्रहरीको कामबाट विगतमा नगरवासीबाट आउने गुनासोमा ७० प्रतिशत कम भएको बताए ।

उनले नगरप्रहरीकै सक्रियतामा सडकको सरसफाइ र वृक्षरोपण गरिएका बोटबिरुवाको संरक्षण र त्यसमा नियमित पानी दिएर सहरलाई सुन्दर बनाउन काम गर्दै आएको जानकारी गराए । वृक्षरोपण गरिएका बोटबिरुवा संरक्षणका लागि प्रोत्साहन र दण्ड जरिवानाको नीतिलाई पनि महानगरले अवलम्बन गर्दै आएको बताउँदै विगतमा बोटबिरुवा मास्ने एक जनालाई एक लाख रूपैयाँ र अर्कालाई १५ हजार रूपैयाँ जरिवाना गरिएको जानकारी गराए ।

एक जनाको फाइदाका लागि धेरैको ज्यान जोखिममा राख्न सकिन्न भन्दै प्रमुख महर्जनले वातावरण प्रहरी परिचालन गरेर सवारीसाधनको धुँवा परीक्षण गर्ने र मापदण्डअनुसार नभए तत्कालै कारबाहीका लागि पठाइने व्यवस्था मिलाइने बताए । नगरप्रहरी परिचालनले नगरबासीको दिनचर्या र धार्मिक तथा सामाजिक काममा सहजीकरण हुने विश्वास व्यक्त गरे ।

जिल्ला प्रहरी कार्यालय ललितपुरका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) शेखर खनालले संस्कृति र सम्पदा संरक्षणमा ललितपुरको नगरप्रहरीले गरेका काम उत्कृष्ट रहेको भन्दै ललितपुर प्रहरीले नगरप्रहरीसँग मिलेर धेरै राम्रो काम सम्पादन गर्न सकेको बताए । उनले घरघरमा नगरप्रहरीसँगै समुदायमा प्रहरी कार्यक्रमलाई पनि संयुक्तरूपमा जोडेर काम गर्न सकियो भने अपराध नियन्त्रण र विपद् व्यवस्थापन काम गर्न सकिने बताए । उनले ललितपुरलाई संसारकै सुरक्षित र भयमुक्त समाज निर्माण गर्न सम्भव रहेको उल्लेख गर्दै अपराध नियन्त्रण र शान्ति सुरक्षा कायमका लागि सूचना आवश्यक भएको बताए ।

ललितपुर चेम्बर अफ कमर्सका अध्यक्ष पुष्परत्न शाक्यले यस अभियानले महानगरबाट प्रवाह हुने सेवा थप प्रभावकारी हुने भन्दै नागरिकको अपेक्षा सम्बोधन गर्न सम्भव हुने बताए । महानगरका नीति, नियम, कर व्यवस्थापनका कानुन, विकासका विषयमा जानकारी दिन महानगरमा रहेका एक लाखभन्दा बढी घरमा नगरप्रहरी परिचालन हुने नगरप्रहरी प्रमुख सीताराम हाछेथुले जानकारी गराए । अहिले ललितपुर महानगरले एम्बुलेन्स, शववहान, ढल निकासको सरसफाइका लागि जेटिङ मेसिनको सेवा निःशुल्क उपलब्ध गराउँदै आएको छ ।

# कोशी प्रदेशको नीति तथा कार्यक्रम पारित

**विराटनगर–** कोशी प्रदेशसभाको बिहीबारको बैठकले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गरेको छ । प्रदेशसभा नियमावली, २०७४ को नियम ३८(३) बमोजिम प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रमलाई बिहीबारको बैठकमा प्रदेश सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेपछि पारित भएको हो ।

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेशको तर्फबाट प्रदेश प्रमुख परशुराम खापुङले यही जेठ २१ गते प्रदेशसभामा उक्त नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । सो नीति तथा कार्यक्रममाथिको छलफलमा यही जेठ २२ गते १६ प्रदेशसभा सदस्य तथा जेठ २३ गते २५ प्रदेशसभा सदस्यले भाग लिई आ-आफ्ना धारणासहित सुझाव र जिज्ञासा राखेका थिए ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उठेका विषयमा विगतका वर्षमा प्रदेश सरकारले लिएका राम्रा नीति र सफल अभ्यासलाई वर्तमान सरकारले पनि निरन्तरता दिएको बताए । सरकारले सैद्धान्तिक आधारलाई आत्मसात गरी अघि बढ्न प्रयत्नशील रहेको उल्लेख गर्दै उनले दिगो विकास, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र सामाजिक क्षेत्रको विकास नीति तथा कार्यक्रममा राखिएको बताए ।

मुख्यमन्त्री कार्कीले संघीयताको सबलीकरण र सुशासन प्रवर्द्धन, समन्यायिक एवं सन्तुलित विकास, आर्थिक विकासमा लगानीमैत्री वातावरण सिर्जना गर्नु प्रदेश सरकारको प्राथमिकता रहेको भन्दै योजनाबद्ध विकासका लागि प्रभावकारी स्रोत परिचालन, बजेट प्रणालीको सुधार र आर्थिक अनुशासन, दिगो विकास र जलवायु परिवर्तनका निम्ति आवश्यक नीति सरकारले बनाउने उल्लेख गरे ।

मुख्यमन्त्री कार्कीले कृषिको आधुनिकीकरण र व्यावसायीकरण, पर्यटन, वन तथा वातावरण संरक्षण, पूर्वाधार र औद्योगिक विकास, निजी क्षेत्रको प्रवर्द्धन प्रदेश सरकारको प्रमुख प्राथमिकताको विषय भएको चर्चा गर्दै स्वास्थ्य सेवा तथा सामाजिक विकास, कानुनी शासन र विपद् व्यवस्थापन, रोजगारी प्रवर्द्धन तथा गरिबी निवारण, सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह र सुशासनलगायत विषय प्राथमिकतामा परेको बताए ।

मुख्यमन्त्री कार्कीले प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा गर्दै 'स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माण गर्ने' लक्ष्यका साथ दोस्रो आवधिक योजना तर्जुमा सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि योजनाबद्धरूपमा कार्यान्वयन गरिने बताए । उनले नीति तथा कार्यक्रममाथि छलफलका क्रममा आएका सुझाव, धारण र विचारलाई अनुशरण गरिने बताए ।

मुख्यमन्त्री कार्कीले २०८२ साललाई पर्यटन वर्षको रूपमा मनाउने जानकारी दिँदै सीमित साधन र स्रोतको बाबजुद पनि प्रदेशका जनताका आवश्यकता र चाहना पूरा गर्न क्रियाशील रहेको बताए । मुख्यमन्त्री कार्कीले प्रविधिमैत्री यातायात सेवा सञ्चालन गर्ने, सहुलियत कर्जा व्यवस्थापन गरी उद्यमशीलता र रोजगारी सिर्जना गर्न सरकारले अग्रगामी कदम चाल्ने उल्लेख गर्दै स्रोतको पहिचान र व्यवस्थापनमा गम्भीर हुने धारणा राखेका थिए ।

नीति तथा कार्यक्रममा कोशी प्रदेशसभा सदस्य गोम्बु शेर्पा, निर्मला लिम्बू र राजन किराँतीले राखेका संशोधन प्रस्तावका आवश्यक बुँदा मुख्यमन्त्री कार्कीले स्वीकार गरी बजेटमा समावेश गर्ने प्रतिबद्धता जनाएपछि उनीहरूले संशोधनको प्रस्ताव फिर्ता लिएका थिए । *रासस*

# मध्यपुरथिमिमा शनिबारदेखि दोस्रो 'वः' महोत्सव हुने

**भक्तपुर (प्रस)–** मध्यपुरथिमिमा पर्यटन प्रवर्द्धनका साथै नेवारी परिकारको संरक्षण गर्ने उद्देश्यले दोस्रो वः (बारा) महोत्सव आयोजना हुने भएको छ । मध्यपुरथिमि नगदेशमा शानिबारदेखि आयोजना हुने उक्त महोत्सव तथा ग्रीन एग्रो एक्स्पो-२०२४ को सम्पूर्ण तयारी पूरा भएको बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ ।

मध्यपुर पर्यटन विकास समितिले आयोजना गर्ने महोत्सव तथा एक्स्पोको सम्पूर्ण तयारी पूरा भएको समितिका अध्यक्ष रमेश प्रजापतिले बताए । नेवार समुदायका विभिन्न परिकार र खानाको स्वाद, ग्रीन भेजिटेबल प्रदर्शन एवं विभिन्न खानाका बारेमा आन्तरिक तथा बाहय पर्यटकलाई जानकारी दिनुका साथै मध्यपुरथिमिमा पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले महोत्सव गर्न लागिएको उनले जानकारी दिए ।

मध्यपुरका विभिन्न पर्यटकीय कला-संस्कृति र सम्पदा, कलात्मक मठमन्दिर, पाटीपौवा, सत्तल, बिहार, बस्ती र स्मारक क्षेत्र पर्यटकलाई घुमाउने, महोत्सवमा १० प्रकारका वः को प्रदर्शनी एवं बिक्री गरिने उनले बताए । साथै, अन्य विभिन्न नेवारी परिकार र हरिया तरकारी, कोरियन तरकारीको प्रदर्शन गरिने, गाँजरलगायत विभिन्न तरकारीबाट उत्पादित वाइनका साथै स्थानीयस्तरमा उत्पादित सामग्रीसहितका ५० भन्दा बढी 'स्टल' राखिने अध्यक्ष प्रजापतिले पत्रकार सम्मेलनमा जानकारी दिए ।

महोत्वसका लागि मध्यपुरथिमि नगरपालिकाको छ लाख रूपैयाँ र आयोजकको लागत सहभागिता एवं विभिन्न निकायको दुई लाख रूपैयाँ गरी आठ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको समितिका उपाध्यक्ष कविदास श्रेष्ठले जानकारी दिए ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०२/२५

यस कम्पनीको मिति २०८१/०१/१३ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **वाइवा फर्निचर उद्योग एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ३१३६२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वाइवा काष्ठ उद्योग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ABDULAZIZ IBRAHIM AL- ADAD CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305885 | चलानी नं. ६०२२०६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KINGFISHER OVERSEAS PVT.LTD
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KUWAIT OXYGEN COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT No :302738 | चलानी नं. ६०२१७५२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician/maintenance | 5 | 0 | 120 | ५२,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners/labours/helpers | 58 | 40 | 90 | ३९,०२० | | | | | | | |
| 3 | Electrician/electric Worker | 5 | 0 | 120 | ५२,०२५ | | | | | | | |
| 4 | Light Driver | 10 | 0 | 135 | ५८,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HIMALAYAN RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT. No. :300540 | चलानी नं. ६०२१५४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 2 | 0 | 1500 | ५४,७४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 2 | 0 | 1000 | ३६,५०० | | | | | | | |
| 3 | Waiter | 0 | 4 | 1400 | ५२,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ABDUL RAHMAN BIN JASSIM AL THANI & SONS CO. CONTRACTIN TRADING

पूर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT. No. 298455 | चलानी नं. ६०२१३४२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 10 | 0 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CITY STAR CENTRAL MARKETS

पूर्व स्वीकृति मिति: २०७९/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT. No. 280792 | चलानी नं. ६०१९६३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reporter | 25 | 30 | 150 | ६४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : JASAR AL QAMAR TECHNICAL SERVICES

पुर्व स्वीकृति मिति २०८१/०२/२२ | LT No.305902 | चलानी नं. ६०२२०६६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,५१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 3 | 0 | 1200 | ४३,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TZAMEER TECHNICAL SERVICES CO. LLC

पुर्व स्वीकृति मिति २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT. No. 304993 | चलानी नं. ६०२१९७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 7 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Gypsum Carpenters | 5 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 4 | Painter | 3 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 5 | Plumber | 7 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1500 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

Shuvam Overseas Employment Pvt. Ltd.
SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

**रोमानियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ASAM SA

पूर्व स्वीकृति मिति २०७९/०३/२० | पून विज्ञापन स्वीकृति मिति: २०८१/०२/२४ | LT. No. 266516 | चलानी नं. ६०१८२५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 550 | ७२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LOZLUX KONSTRUCT SRL

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | पून विज्ञापन स्वीकृति मिति: २०८१/०२/२४ | LT. No. 266511 | चलानी नं. ६०१८४३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 14 | 550 | ७२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Interscaff Training Center, टोखा-७, काठमाडौंमा मिति: २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

बि.डी. ग्रुप म्यनपावर प्रा. लि.
श्रम ईजाजत नं. १३७२/०७४/०७५
सामाखुशी-१४ टोखा, काठमाडौं नेपाल फोन नं. ०१-४९५९२२०
इमेल :- bdgroupmanpower1@gmail.com,वेवसाइट :- bdgroupnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### छिमेकबाट सिकौं

छिमेकी देश भारतमा नरेन्द्र मोदी फेरि प्रधानमन्त्री बनेका छन् । भारतीय जनता पार्टीका नेता मोदीले १० वर्ष त ढुक्कैले शासन गरे । भाजपालाई दुई कार्यकाल बहुमत मिलेको थियो । ५४३ सिटको लोकसभामा २७२ आवश्यक बहुमत हो । यसपटक भने मोदीको दल भाजपाले २४० सिटमात्र जित्यो । यद्यपि उनको दलको गठबन्धनले २९२ सिट जितेकोले मोदी फेरि प्रधानमन्त्री बन्दैछन् ।

देशको कार्यकारी पदनमा उनको ह्याट्रीक हो । भारत आर्थिक स्थिति र विविध हिसाबले अहिले अमेरिका, चीनसँग प्रतिस्पर्धामा छ । फोर्ब्सको धनाढ्य सूचीमा धेरै भारतीयहरूको नाम पर्छ । आर्थिक पारदर्शिताका कारण भारत विस्तारै शक्तिशाली मुलुकको सूचीमा माथि चढ्ने क्रम जारी छ । तर त्यही नजिकै रहेको हाम्रो देश नेपालमा भने राजनीतिक अस्थिरता यति बढ्दो छ कि नयाँ संविधान जारी भएर पनि सातपटक प्रधानमन्त्री हेरफेर भइसकेको छ । प्रधानमन्त्री चार जना फेरिएका छन् । पहिलो कार्यकालमा मोदी शपथ लिँदा प्रधानमन्त्रीका हैसियतमा सुशील कोइराला दिल्ली पुगेका थिए । अहिले पुष्पकमल दाहाल पुग्दैछन् । दोस्रोपटकमा केपी शर्मा ओली पुगेका थिए । नेपालका प्रधानमन्त्रीले शपथ लिँदा भारतीय प्रधानमन्त्री काठमाडौं उत्रने चलन त्यति देखिन्न । तर भारतका प्रधानमन्त्रीको शपथमा भने नेपाली प्रधानमन्त्रीलाई नयाँ दिल्ली पानीपधेरो नै बनेको देखिन्छ ।

हुन त नेपालमा कतिखेर को प्रधानमन्त्री हुन्छ पत्तो पनि हुन्न । त्यसैले प्रधानमन्त्रीको शपथ कार्यक्रम यति भव्य हुने कुरै भएन । हिउँदको प्रधानमन्त्री बर्खामा भेटिन्न । यसरी अस्थिर सरकार सञ्चालनकै कारण देशको आर्थिक अवस्था दिनानुदिन बिग्रँदो छ । रोजगार सिर्जना गर्न नसक्दा युवाहरू देशमा टिक्न सकेका छैनन् । हरेक सरकारलाई प्रतिपक्षको आरोप लाग्ने गर्छ – कार्यकर्ता पाल्ने बजेट ल्यायो । तर कार्यकर्ता पनि देशमा टिकाउन सरकारमा भएका पार्टीका नेताहरूले सकेका छैनन् ।

स्थिर सरकार सञ्चालनका लागि जनताले नै बहुमत नदिएको नेताहरू गुनासो गर्छन् । नयाँ दललाई मत दिंदा पनि बहुमत पुग्ने गरी नदिएको आरोप लाग्छ । 'ह्याङ पार्लियामेन्ट'का कारण अहिले जुनसुकै बेला सरकार ढल्न सक्छ । विपक्षीले लगातार सरकार ढाल्न प्रहार जारी राखेको छ । जुनसुकै बेला अर्को प्रधानमन्त्री हुन सक्छन् । तर छिमेकमा मोदी अझै पाँच वर्ष प्रधानमन्त्री बन्ने सम्भावना छ । उत्तरी छिमेक चीनमा सि जिनपिङ लगातार सत्ताप्रमुख छन् । दुबै देशको शासन पद्धति फरक छ । तर स्थिरता दुबैमा एकै किसिमको छ । दुबै देश शक्तिशाली राष्ट्रको सूचीमा छ । तर नेपाल राजनीतिक अस्थिरताका कारण दिनानुदिन खस्कँदो छ । देश बनाउन छिमेकबाट सिकौं ।

## मननयोग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'


गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# हल्लैहल्ला माझ टिप्नु छ सही सूचना



■ रामकृष्ण रेग्मी

पाठक, स्रोता, द्रष्टा र प्रयोगकर्ता सबै आमसञ्चारमाध्यमबाट अन्यत्र सर्दा गुमेको बजार र विज्ञापनको स्थानमा के ल्याउने, कस्तो आयको नमूना पछ्याउने ? अन्यत्रझैं यहाँ पनि अलमल छ । युगको मागअनुरूप नचल्दा नहुने, त्यसो गर्न अहिलेसम्मका माध्यमीय परिवेश, संस्था, ढाँचा र स्तम्भ सबैमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता छ ।

गणतान्त्रिक युगले पाएको नेपाली आमसञ्चार माध्यमको चित्र हेर्दा गतिशील लाग्छ, परिवेश अलि पेचिलो देखिन्छ र चुनाती गम्भीर छ । तिनै आयामका माझ मिडिया उक्सिएको र प्रेस खुम्चिएको परिदृश्य मार्मिक छ । यससम्बन्धी विवेचनाले गहन शोध खोज्छ, संक्षेप आलेखमा त्यो सम्भव छैन । यसैले यहाँ अवलोकन तथा अनुभवका आधारमा तिनको सरल रेखांकन प्रस्तुत गर्ने प्रयास छ ।

### चित्र

आमसञ्चार माध्यमले देशमा आएको परिवर्तनलाई अर्थपूर्ण पार्न, सम्बद्ध सूचना जनसमक्ष पुऱ्याउन र सर्वसाधारणलाई तदनुरूप व्यवहार गर्नका लागि उत्प्रेरणा भाव जगाउन निर्वाह गरेको भूमिका उल्लेखनीय छ । गणतान्त्रिक अभ्यासलाई अघि बढाउन होस् वा भूकम्पको प्रकोप बेहोर्न आवश्यक पर्ने दृढता कायम गर्न होस् वा कोभिडको महामारीलाई साहसिकरूपमा सामना गर्न सचेत रहनुपर्ने अनिवार्यतालाई सहजीकरण गर्न होस् माध्यमले योगदान दिएको स्पष्ट छ । देशमा भएका बृहत् दुई निर्वाचन शृंखलामा जनसहभागिता प्रवर्द्धनका लागि तिनको सूचना प्रवाहको क्रमलाई नियमित तथा निरन्तर तुल्याउन प्रस्फुटित माध्यमीय जागरण, विवेक तथा लगनशीलता पनि निकै महत्त्वपूर्ण छन् ।

उपरोक्त चारै सन्दर्भलाई आधार गरेर नेपाली आमसञ्चारमाध्यमलाई अवलोकन गर्दा सञ्चारीय सक्षमता, समाचारीय परिपक्वता तथा वैचारिक विविधता छर्लंग हुन्छ । पत्रकारिताले समाजका लागि दिनुपर्ने योगदानलाई महसुस गरेको अनुभव जानिफकारहरूले गरेको पनि पाइन्छ । ती बेला सूचना प्रवाहलाई जिम्मेवारीसाथ कायम राख्न सहज थिएन, अन्योल, अस्तव्यस्तता थियो, बानी बसेको थिएन र दिशा पनि स्पष्ट थिएन । पत्रकारिताभित्रको मूल्य, मान्यता र सेवाभावले मात्र जाँगर, अठोट तथा गतिशीलतामा ऊर्जा थपेको हो ।

त्यस्तै प्राथमिकताका साथ पत्रकारिता सुशासन, सामाजिक परिवर्तन, विकासक्रम, लैंगिक समानता तथा समावेशी फाँटतिर पनि क्रियाशील भएको भए अहिले यो देशको अनुहार सकारात्मकरूपमा अर्कै हुन्थ्यो भन्ने विज्ञहरूको भनाइ नसुनिएको होइन । राजनीतिक स्थिरता नभइदिँदा त्यसो हुन सकेन, प्रजातान्त्रिक संस्थाहरू सबल हुन पाएनन्, अर्थतन्त्रलाई दिगो गति लिन सकस भयो, विकासक्रम अपेक्षित स्तरमा अघि बढ्न अनेक आयामीय अप्ठेरो पऱ्यो । अनि त्यसको मार सञ्चार जगत, पत्रकारिता क्षेत्रमा पनि पर्न गयो जसले गर्दा सामाजिक परिवर्तनका मूल मुद्दा किनारामा पर्न गए ।

### परिवेश

गणतन्त्रका झण्डै दुई दशकमा आमसञ्चार माध्यमको परिवेश विविध दृष्टिकोणले परिवर्तन हुन पुगेको यथार्थ सर्वविदित छ । प्रविधिप्रेरित परिवर्तनले सूचना प्रवाहको शैलीदेखि लिएर माध्यमीय स्तरमा पनि आमूल उथलपुथल आएको देखिन्छ । विज्ञका अनुसार इण्टरनेट, मोबाइल फोन र सोसल मिडियाको प्रभावले आमसञ्चार माध्यमको प्रयोग, त्यसको आवश्यकता, औचित्य र महत्त्व छायामा परेको अनुभव हुन्छ । समाचारकक्ष, यसका मूल्य मान्यता, कार्यशैली, डेडलाइन, स्कुप, गेटकिपिङ, समाचार चक्र सबै तीबाट प्रत्यक्षरूपमा प्रभावित हुन पुगेका छन् ।

एक अर्थमा समाचार प्रवाहमा तीन धार देखापरेका छन्: पत्रकारिताका विधिअनुरूप तयार पारिएका सामग्री, नागरिकको अभिव्यक्ति स्वतन्त्रताअनुरूप पोस्टिङ हुने भाव वा सूचना तथा सकारात्मक वा नकारात्मक खास स्वार्थ पूर्तिका लागि सिर्जना गरिएका प्रस्तुतिहरू । यिनमा कुनलाई पत्याउनु कुनलाई नपत्याउनु सर्वसाधारण प्रायः अलमलमा छन्, नीति निर्णायकहरू पनि धरमरमा देखिन्छन्, योजनाकारहरू र नेतृत्व पंक्तिकालाई दिशा पहिल्याउन हम्मेहम्मे परेको स्पष्ट हुन्छ । पत्रकारिताले विद्यमान परिस्थितिमा हल्ला, कुसूचना वा मिथ्या सूचनाका माझ सही सूचना पहिल्याएर सञ्चार गर्नुपर्ने आवश्यकता छ, तथ्य सत्य परीक्षणको थप चरण थपिएको छ ।

मिथ्या सूचनाको जञ्जाल छिचल्न त्यति सहज छैन । विज्ञका अनुसार यस भित्रका अनेक आयामीय गलत जानकारी, भ्रामक विषयवस्तु, दुष्प्रचार, छलपूर्ण संयोजन, जालसाजीपूर्ण कोण, तोडमोड, कपटपूर्ण मोडाइ, छल आदिलाई सूचना प्रवाह क्रममा पहिल्याउन विशेष पहल पत्रकारिता क्षेत्रबाट हुनुपर्ने आजको आवश्यकता हो । सञ्चारविद्हरूले त पत्रकारले मात्र मिथ्या सूचनालाई समालेर पुग्दैन, सूचना प्रयोक्ताहरू वा माध्यम उपभोग गर्नेहरू पनि आफूले प्राप्त गरेको सूचना सही गलत के हो भन्ने विषयमा सचेत रहन जरुरी छ भन्ने स्पष्ट पारेका छन् । माध्यम साक्षर हुनुपर्ने कुरामा तिनले बारम्बार जोड दिएको पाइन्छ ।

### चुनौती

शताब्दीभन्दा बढी समयदेखि समाचारको पहिलो स्रोत भइरहेको छापालाई, कयौं दशकदेखि महत्त्वपूर्ण वैकल्पिक स्रोत भइरहेका रेडियो र टेलिभिजनलाई सोसल मिडियाले प्रस्तुत गरेको प्रतिस्पर्धालाई कसरी समालेर अघि बढ्ने भन्ने हाँक चानचुने छैन । माध्यम नरहँदा पठनशीलता, श्रवणशीलता तथा दर्शनशीलताले उघारेको सभ्यता नै हराउने भय पनि नभएको होइन । त्यसको ठाउँ मनोरञ्जनशीलतामा रमाउने माध्यमले कसरी परिपूर्ति गर्ने हो, अनि राष्ट्रका, जनजीवनका गम्भीर विषयवस्तुलाई मनोरञ्जनात्मक शैलीबाट निरन्तर पेस गरिरहन कति सम्भव होला, ती आफैंमा प्रश्न भएर रहेका छन् । यसको जवाफ सहज छैन, अहिलेसम्म आएको छैन, बहस कायम नै छ ।

यान्त्रिक बुद्धिले वा आर्टिफिसियल इण्टेलिजेन्स (एआई)ले मानवीय भाव, मनोगत उत्पादनशीलता, अनुभूति, मानवीय सिर्जनालाई, सिर्जनात्मकतालाई विकल्प दिएर अत्याइरहेछ । एआईले बनाएका सामग्रीबाट पत्रकारको प्रस्तुति प्रत्यक्ष चुनौतीमा छ, यस स्थितिलाई बेहोर्ने कसरी ? नेपाली आमसञ्चारमाध्यमका लागि अर्को एउटा उकालो छ ।


टेक्स्ट, चित्र, बोली आदिलाई मिसाएर वा अलग पारेर वा गाँसेर अनेक प्रभाव सिर्जना गर्न सक्ने बहुमिडिया वा मल्टिमिडियाका अनेक सम्भावनाले आमसञ्चार जगतलाई बेग्लै ढंगमा विकसित गर्ने क्रम सुरु भइसकेको यथार्थलाई पनि माध्यमले बिर्सन मिल्दैन । त्यो क्रमलाई माध्यमीय सञ्चारमा कसरी समावेश गरी अघि बढ्ने भन्ने दिशातिर लाग्दा राम्रो हुने एक अभ्यासीको ठम्याइ हो । आमसञ्चारमाध्यमलाई सघाउने समाचार संस्थाहरूले पनि यसै दिशातिर आफूलाई मोड्नुपर्ने अनिवार्यता छ ।

पाठक, स्रोता, द्रष्टा र प्रयोगकर्ता सबै आमसञ्चारमाध्यमबाट अन्यत्र सर्दा गुमेको बजार र विज्ञापनको स्थानमा के ल्याउने, कस्तो आयको नमूना पछ्याउने ? अन्यत्रझैं यहाँ पनि अलमल छ । युगको मागअनुरूप नचल्दा नहुने, त्यसो गर्न अहिलेसम्मका माध्यमीय परिवेश, संस्था, ढाँचा र स्तम्भ सबैमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता छ ।

आमसञ्चारमाध्यमको अस्तित्व नै संकटमा पर्ने हो कि जस्तो अनुभव पत्रकारलाई परिसकेको छ । प्रविधिप्रेरित परिवर्तन वा डिजिटल प्रणालीले खोजेको कोणतिर नलाग्दा माध्यमीय सन्देशलाई लिनेको संख्या न्यून हुने स्पष्ट छ । माध्यमीय सञ्चारमा अबको बाटो के त ? सुरुमा चर्चित गर्व गर्न मिल्ने चित्रको आडमा परिवर्तित परिवेशलाई बुझेर विद्यमान र आइलाग्ने अरू हाँकलाई बेहोर्न सकारात्मक र सचेत भूमिका निर्वाह गर्न मल्टिमिडियाले दिएका सबै अवसरलाई प्रयोग गर्न पछि पर्न हुन्न । त्यस यात्रामा पत्रकारिताका मूल मर्म र मान्यतालाई मध्यनजरमा राख्दै सन्देशका आँधीमाझ, हल्लाबीच सत्य उपयोगी सन्देश झिकेर सरल, स्पष्ट, संक्षेप, ग्रहणीयरूपमा प्रस्तुत गर्न क्रमलाई दिगो पार्दा नेपाली माध्यम युगसँगै अघि बढ्नसक्ने बाटो खुल्दै जान्छ । रासस

*(लेखक आमञ्चारविज्ञ तथा प्राध्यापक हुन्)*

# पत्रकार महासंघमा कस्तो नेतृत्व छान्ने ?



■ फणीन्द्र फुयाल 'ज्वाला'

नागरिकको अगुवा सामाजिक संस्थाको रुपमा पहिचान बनाएको पत्रकार महासंघमा पत्रकारिता गर्ने क्रियाशील श्रमजीवि पत्रकारले नेतृत्व गर्नुपर्नेमा पत्रकारिताको नाममा अनेक धन्दा चलाउनेहरु पैसा र राजनीतिक शक्तिका आडमा नेतृत्वमा पुग्नाले श्रमजीविहरुका मुद्दा ज्यूँका त्यूँ छन् । श्रमजीवि पत्रकारहरुको स्थिति संकटग्रस्त छ । न्यूनतम पारिश्रमिक निर्धारण समिति तलब खाएर बस्ने अड्डामात्र बनेको छ । महासंघको नेतृत्व गर्न पुगेकाहरूलाई यसबारे कुनै पनि चासो र चिन्ता देखिँदैन ।

प्रत्येक तीन वर्षमा हुने नेपाल पत्रकार महासंघको निर्वाचन मिति यही जेठ २६ गतेका लागि एक महिनाअघि सम्पन्न महाधिवेशनले तोकेको छ । देशभरका जिल्ला, भूगोल र प्रतिष्ठान एवं एसोसिएट्सहितका १० प्रदेश र केन्द्रीय समितिका लागि एकै दिन एकै समयमा प्रत्यक्ष प्रणालीबाट निर्वाचन हुन लागेको यो दोस्रोपटक हो ।

तर, निर्वाचनको मिति तय भएसँगै महासंघले केन्द्रीय निर्वाचन समितिलाई मतदाताको अन्तिम नामावली दिन नसक्दा निर्वाचन होला कि नहोला भन्नेमा अन्योल सिर्जना भएको छ । जिल्ला शाखाहरूले पठाएको नामावालीमा प्रदेशले थपघट गर्ने र प्रदेशले पठाएको नामावलीमा केन्द्रले कैंची चलाउने राजनीतिक खेल खेल्दा महासंघको केन्द्रीय कार्यालय, उपत्यका प्रदेश कार्यालय र काठमाडौं शाखा कार्यालयमा एक हप्ताअघिदेखि विभिन्न राजनीतिक दलका भ्रातृ संगठनहरूले तालाबन्दी गरेका छन् ।

सदस्यता शुद्धीकरणको नाममा भएको राजनीतिले गर्दा कतिपय इमान्दार, कर्मठ नयाँ सदस्यहरूले महासंघको सदस्यता प्राप्त गर्न सकेका छैनन् भने कतिपय क्रियाशील पत्रकारहरूको सदस्यता काटिएको छ । अरूलाई सुशासनको पाठ सिकाउने, खबरदारी गर्ने र राज्यको 'चौथो अंग' भनी सर्वस्वीकार्य पत्रकारिता पेसा नै अहिले राजनीतिक दलको, त्यसभित्र पनि विभिन्न गुट, समूह र व्यक्तिको तारिफ गर्ने, उछितो काढ्ने र पद हत्याउने धन्दा बनेको छ । पत्रकारको छाता संगठनका कतिपय नेताहरू नै खुलेआम यस्तो कलेबरमा देखिँदा त्यसको बाछिटा पत्रकार महासंघको निर्वाचन, सदस्यता नवीकरण, शुद्धीकरण र नयाँ सदस्यता प्रदानसम्म पुगेर सबैले देख्नेगरी मझेरीमै छचल्किन पुगेको हो ।

नागरिकको अगुवा सामाजिक संस्थाको रूपमा पहिचान बनाएको पत्रकार महासंघमा पत्रकारिता गर्ने क्रियाशील श्रमजीवि पत्रकारले नेतृत्व गर्नुपर्नेमा पत्रकारिताको नाममा अनेक धन्दा चलाउनेहरू पैसा र राजनीतिक शक्तिका आडमा नेतृत्वमा पुग्नाले श्रमजीविहरूका मुद्दा ज्यूँका त्यूँ छन् । श्रमजीवि पत्रकारहरूको स्थिति संकटग्रस्त छ । न्यूनतम पारिश्रमिक निर्धारण समिति तलब खाएर बस्ने अड्डामात्र बनेको छ । २०४६ सालको राजनीतिक आन्दोलनको सफलतापछि खुलेका ठूला भनिएका मिडिया नै अहिले संकटमा परेका छन् । कुनै समय २४ पेजसम्म प्रकाश नहुने दैनिक पत्रिकाहरू दुब्लाएर आठ पेजमा पुगेका छन् । महासंघको नेतृत्व गर्न पुगेकाहरूलाई यसबारे कुनै पनि चासो र चिन्ता देखिँदैन ।

नेता भनिएका पत्रकारहरू र नेता बन्न तीव्र इच्छा जनाएकाहरू निर्वाचनको मिति घोषणा हुनुभन्दा छ महिना अघिदेखि नै अनुसन्धानमूलक लेख, विश्लेषण आदि लेख्न छोडिसकेका छन् । लेखमा आफ्नो धारणा पनि मिसिने र निष्कर्ष पनि दिनुपर्ने भएकाले त्यस लेखप्रति फरक मत राख्नेहरूले आफूलाई मतदान गर्दैनन् भनेर पत्रकारहरूले विश्लेषणात्मक लेख लेख्न छोडेका हुन् । यसले पत्रकारितालाई भुत्ते बनाउँदै लगेको छ । 'सेल्फ सेन्सरसिप' बढ्दो मात्रामा छ । हिजोआज 'ब्रेकिङ न्युज' को होडबाजीमा 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' का विषय प्रकाशन/प्रसारण गर्दा समग्र पत्रकारितामाथि नै अविश्वास पैदा भएको छ । अहिलेको पत्रकारिता अग्रगामी र ओझेलमा परेका अजेण्डा उठान गर्नमा भन्दा व्यावसायिकरूपमा नाफा/घाटामा रुमलिएको छ । यसले पत्रकारिताको 'वाच डग'को भूमिकालाई मार्ने काम गरेको छ ।

हिजो व्यवस्था परिवर्तनका लागि 'मिसन पत्रकारिता'गर्ने पत्रकारहरू आज दुःख र संकटको घडीमा छन् । उनीहरूलाई पनि आजको युगमा बाँच्नसक्ने बनाउन पत्रकार महासंघको अबको नयाँ नेतृत्वले सोच्न जरुरी छ । पत्रकार महासंघको निर्वाचनमा जितेर फोटो टाँस्नुमात्र सफलता होइन, महासंघलाई अब एनजिओ-आइएनजिओकरण हुनबाट जोगाएर सच्चा श्रमजीविहरूको हकअधिकारका लागि निर्भीकतापूर्वक आवाज बुलन्द पार्न सक्ने, लड्ने, भिड्ने ट्रेड युनियन बनाउन जरुरी छ ।

अबको पत्रकार महासंघको नयाँ नेतृत्वको काँधमा झन् ठूलो जिम्मेवारी थपिनेवाला छ । अबको नेतृत्वले स्वरोगारमूलक मिडिया बचाउनका लागि सरकारसँग सस्तो ऋणको व्यवस्थाका लागि आवाज उठाएर त्यो हातपार्नेगरी भिड्नुपर्ने छ । पत्रकार महासंघलाई राजनीतिक दलहरूको भ्रातृ संस्थाको रूपमा होइन, स्वतन्त्र संस्थाका रूपमा पहिलाको जस्तै छवि निर्माण गर्न दलीय गठबन्धनभन्दा पनि स्वतन्त्र, निष्पक्ष, इमान्दार, श्रमजीवि, अध्ययनशील र बौद्धिकहरूलाई मतदानमार्फत विजयी बनाउन जरुरी छ । कतिपय पत्रकारहरू नैं पत्रकार महासंघमा चाहिनेभन्दा बढी राजनीति भएको भन्दै त्यहाँ अब हर्क साम्पाङ र बालेन्द्र साहजस्तै स्वतन्त्र, निष्पक्ष, व्यावसायिक पत्रकार चुनिएर नेतृत्वमा आउनुपर्नेमा जोड दिन थालेका छन् ।

पत्रकार महासंघमा राजनीतिक दलका नेता-कार्यकर्ता भन्दा पनि स्वतन्त्र छवि बनाएका पत्रकार जितेर आउन जरुरी छ । तर, विडम्बना, नेपालमा त्यस्ता पत्रकार अब बाँकी छैनन् भन्दा पनि फरक पर्दैन । राजनीतिक दलका पत्रकारसम्बन्धी भ्रातृ संस्थाहरूमा नेकपा माओवादी केन्द्रको प्रेस सेन्टर, नेपाली कांग्रेसको प्रेस युनियन, नेकपा एमालेको प्रेस चौतारी, नेकपा एकीकृत समाजवादीको समाजवादी प्रेस संगठन, मधेसनिकट राजनीतिक दलहरूको प्रेस मञ्च नेपाल र अन्य दलनिकट संगठनहरू प्रगतिशील पत्रकार संघ, क्रान्तिकारी पत्रकार संघ, क्रान्तिकारी पत्रकार महासंघलगायत छन् । भोलिका दिनमा यीनै दलनिकटका नेताले सञ्चालन गरेका सञ्चारमाध्यममा श्रमजीवि पत्रकार ऐन कार्यान्वयन भएन भने ती मिडिया सञ्चालकलाई कानुनबमोजिम कारबाही गर्न सघाउने र प्रेस विज्ञप्ति जारी गर्ने सन्दर्भमा नेपाल पत्रकार महासंघले खुट्टा कमाउँछ ।

पछिल्लो ज्वलन्त उदाहरण झिल्को डटकम हो । झिल्को डटकमको अध्यक्षमा माओवादी केन्द्रनिकट प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्ष निर्मल ज्ञवाली छन् भने अर्का सञ्चालकमा सोही संगठनका अध्यक्ष विष्णु सापकोटा 'जुगल' छन् । तर, उनीहरू स्वयंले नै सो अनलाइनमा श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन गरेका छैनन् । सो अनलाइनको सम्पादकले विगत छ महिनादेखि पारिश्रमिक प्राप्त गर्न सकेका छैनन् भने सम्पादकलाई काम गर्ने वातावरण पनि सिर्जना भएको छैन । विगत छ वर्षदेखि सम्पादकको नेतृत्व गरिरहेका व्यक्तिलाई काम गर्ने भए श्रमदान गर्नु नभए तलब दिन सकिँदैन भनेर हतोत्साहित पार्ने गरिएको बरेमा नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा उजुरी दिँदासमेत समस्या समाधानमा महासंघको कुनै चासो देखिएको छैन । किनकि महासंघको केन्द्रीय महासचिवमा रोसन पुरी छन्, जो माओवादी केन्द्रको कोटाबाट उक्त पदमा पुगेका हुन् ।

पत्रकारितामा राजनीति घुसेपछि स्वतन्त्रता र 'वाचडग'को भूमिकामै प्रश्नचिह्न खडा भएको छ । अतः नेपाल पत्रकार महासंघको आगामी नेतृत्व कस्तो छान्ने तपाईं-हामी सबै श्रमजीवि पत्रकारको हातमा जिम्मेवारीको ल्याप्चे आइपुगेको छ । त्यो ल्याप्चेलाई सही ठाउँमा ठोक्न सकियो भने त्यसले आगामी तीन वर्षसम्म सच्चा पहरेदारी गर्ला, होइन भने पर्चाकारिता !

चीनसँगको सीमा क्षेत्र निरीक्षण

# कोरोना महामारीपछि उरैमा पहिलोपटक नेपाली सुरक्षाकर्मी



**थलारा (बझाङ)–** चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उरै नाकाको सशस्त्र प्रहरी बलसहितको सरकारी टोलीले निरीक्षण गरेको छ। कोरोना महामारीपछि नेपाली सुरक्षाकर्मीको टोली पहिलोपटक उरै पुगेको हो।

सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब उपरीक्षक जनकराज पन्त, साइपाल गाउँपालिकाकी उपाध्यक्ष डोल्मा तामाङसहितको टोलीले उरैस्थित नाग्ना डाँडामा रहेको दुई नम्बर सहायक सीमा स्तम्भलगायत पुलान वरपरको भूभागको निरीक्षण गरेको हो। उपाध्यक्ष तामाङले तीन दिन पैदल हिँडेर टोली उरै नाका पुगेको जानकारी दिँदै पाँच हजार २०० मिटर उचाइमा रहेको २ नम्बर पिलर र आसपासको क्षेत्रको अनुगमन गरिएको बताइन्। टोलीमा छ जना सरकारी कर्मचारी, साइपालको काँडा र धुली प्रहरी चौकीबाट पाँच जना नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीसहित १८ जना सहभागी थिए।

बझाङका प्रमुख जिल्ला अधिकारी विश्वमित्र कुइँकेलका अनुसार आगामी असार १६ गतेदेखि उरै नाका पूर्णरूपमा सञ्चालनमा हुने छ। नाका खुलेपछि व्यापार-व्यवसायका निम्ति सीमापारि जान हालसम्म पाँच जनाले अनुमतिपत्र लिएका उनले जानकारी दिए।

नेपाल र चीन सरकारबीच चीनसँगका १४ नाका क्रमशः खोल्न सहमति भएसँगै यही जेठ १२ गते तिब्बतको सिगात्सेको चेन्टाङमा आयोजित कार्यक्रममार्फत उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चीनको स्वशासित क्षेत्र तिब्बतका उपध्याक्ष सिलाङ निमाले संयुक्तरूपमा नाका पुनःसञ्चालनको घोषणा गरेका थिए। *रासस*

# मध्यपहाडी लोकमार्गमा पुल नबन्दा आवागमनमा समस्या

**पर्वत–** पूर्व-पश्चिम जोड्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको पर्वत खण्डको काम सम्पन्न भएको तीन वर्ष पुगिसकेको छ। सडक खण्ड कालोपत्र सम्पन्न भएको तीन वर्ष पुगे पनि पर्वत खण्डमा पर्ने चार खोलामा पुल नबन्दा सहजरूपमा यातायातका साधन सञ्चालनमा समस्या भएको छ।



पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका अनुसार लोकमार्गको पर्वत खण्डमा रहेका तमादी खोला, सुन्दरेखोला, पातीखोला र मोदी खोलामा चार मोटरेवल पुल निर्माणको तयारी छ। पोखरा-कुश्मा सडक खण्डअन्तर्गत करिब २४ किलोमिटर खण्डमा पर्ने खोलामा मोटरेवल पुल निर्माण नहुँदा नियमित यातायात सञ्चालनमा समस्या हुँदै आएको छ।

कुश्मा-७ र ८ को बीचमा पर्ने तमादी खोलामा पुल निर्माणको काम भइरहेको छ। यो पुलको निर्माण कार्य करिब ७५ प्रतिशत सम्पन्न भएको इन्जिनियर धीरज ढकालले जानकारी दिए। करिब छ करोड रूपैयाँ लागतमा निर्माण हुन लागेको उक्त पुलको श्री सिद्धबाबा निर्माण सेवा वालिङले जिम्मा लिएको छ। तमादी खोलामा वर्षात्को समयमा अत्यधिक बाढी आउँदा सडक भत्किएर मानवीय र भौतिक क्षति हुँदै आएको छ। यो खोलामा गत भदौमा आएको बाढीले बोलेरो जिप बगाउँदा तीन जनाको मृत्यु भएको थियो।

इन्जिनियर ढकालका अनुसार यो पुलसँगै अन्य तीनवटा मोटरेवल पुल पनि निर्माण भइसक्नुपर्नेमा हालसम्म कामको सुरुआत भएको छैन। कुश्मा-८ मै पर्ने सुन्दरे खोलाको पुल निर्माण गर्न डिजाइन स्वीकृत भइसकेको छ। ८० मिटर लामो पुल निर्माणको जिम्मा लुम्बिनी प्राकृतिक जेभीले लिएको छ। यो पुलसँगै उक्त निर्माण कम्पनीले अन्य पुल निर्माणको पनि जिम्मा लिएको छ। निर्माण कम्पनीले मोदी गाउँपालिकाको पातीखोला र डिमुवास्थित मोदीखोलामा पनि पुल निर्माण गर्न लागेको छ। मोदीखोलामा ६२ मिटर र पातीखोलामा दुवैतर्फ ५२/५२ मिटर लामा दुई पुल निर्माण हुने छन्। पुलको डिजाइन स्वीकृतिमा ढिलाइ भएका कारण निर्माणले गति लिन नसकेको इन्जिनियर ढकाल बताउँछन्। ती पुलको लागत ४४ करोड १५ लाख रूपैयाँ रहेको छ।

मध्यपहाडी लोकमार्गअन्तर्गत पोखरा-कुश्मा सडकको दुई वर्ष पहिला नै दुई लेनको सडक स्तरोन्नति भइसकेको छ। सडक दुई लेनको बने पनि पुरानो संरचनामा बनेका सिंगल लेनका पुलले सवारीसाधनको चाप धान्न गाह्रो भएकाले नयाँ पुल थप गर्ने योजना रहेको कार्यालयले जनाएको छ। *रासस*

# वन्यजन्तुका लागि बनाइयो ८३ पोखरी

**बाँके (प्रस)–** बाँके राष्ट्रिय निकुञ्जमा वन्यजन्तुका लागि खानेपानीको व्यवस्था गर्न हालसम्म ८३ वटा कृत्रिम पोखरी निर्माण गरिएको छ। बाँकेमा अत्यधिक गर्मी हुने र सोही कारणले वनमा रहेका पानीका स्रोत सुकेर जाँदा वन्यजन्तुलाई खानेपानीको समस्या भएकाले निकुञ्जभित्र ८३ वटा कृत्रिम पानीपोखरी निर्माण गरिएको हो।

राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत मनोजकुमार साहका अनुसार चालु आर्थिक वर्षभन्दा पहिले निकुञ्जभित्र ८० वटा पोखरी निर्माण भएको थियो। चालु अवमा तीनवटा बोरिङसहितको पोखरी निर्माण गरिएको जनाउँदै तीन ठाउँमा बोरिङमात्रै गरेर खाल्डोमा पानी संकलनको व्यवस्था गरिएको उनले जानकारी दिए।

वन्यजन्तुको चहलपहल हुने क्षेत्रमा गर्मीको बेला पानीको खोजीमा जनावर भौतारिने गरेकाले कृत्रिम पोखरी निर्माण गरिएको संरक्षण अधिकृत साहको भनाइ छ। निकुञ्जमा रहेका जलाशयमा अत्यधिक गर्मी बढेपछि पानीको सतह घटेको भन्दै कृत्रिम पोखरी निर्माण गरी बोरिङ गाडेर पानीको व्यवस्थापन गरिँदै आइएको उनले बताए।

निकुञ्ज कार्यालयका अनुसार निकुञ्ज क्षेत्रमा पानीको स्थायी स्रोत नहुँदा गर्मीयाममा पानीको अभाव हुने र पाटेबाघलगायत चित्तल, जरायो, नीलगाई, लगुना, चितुवा, बाँदर र हात्तीसहितका वन्यजन्तु पानीको खोजीमा राप्ती नदीसम्म पुग्ने गरेका छन्। निकुञ्जभित्र विभिन्न ठाउँमा कृत्रिम पोखरी निर्माण गरेर सौर्य ऊर्जामार्फत मोटर सञ्चालन गरेर वन्यजन्तुका लागि खानेपानीको व्यवस्था मिलाइएको वरिष्ठ संरक्षण अधिकृत साहले जानकारी दिए।

# महानगरको स्वास्थ्य विभागद्वारा आफ्नै फार्मेसी सञ्चालन गर्न निर्देशन

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाभित्र सञ्चालित सबै अस्पतालहरूले अब आफ्नै फार्मेसी सञ्चालन गर्नुपर्ने भएको छ। महानगरपालिकाको स्वास्थ्य विभागले महानगर क्षेत्रमा सञ्चालित सबै अस्पताललाई १५ दिनभित्र आफ्नै औषधि पसल (फार्मेसी) सञ्चालन गर्न निर्देशन दिएको हो।

महानगर क्षेत्रमा सञ्चालित अधिकांश अस्पतालले आफ्नो स्वामित्वमा औषधि पसल सञ्चालन नगरेकाले महानगर क्षेत्रभित्र सञ्चालित सबै अस्पताललाई १५ दिनभित्र अनिवार्य रूपमा आफ्नै औषधि पसल सञ्चालन गर्न निर्देशन दिइएको महानगरपालिकाको स्वास्थ्य विभागकी निमित्त विभागीय प्रमुख सजिना महर्जनले जानकारी दिइन्।

उनले भनिन्, 'महानगरभित्र सञ्चालित अधिकांश अस्पतालको आफ्नो स्वामित्वमा फार्मेसी सञ्चालन नभएको र अन्य व्यक्तिलाई फार्मेसी सञ्चालन गर्न दिँदा उपभोक्ता गुणस्तरीय फार्मेसी सेवाबाट वञ्चित भइरहेको तथा चर्को मूल्यमा औषधिजन्य सामग्री बिक्री भइरहेको भन्ने गुनासो बढेपछि आफ्नै औषधि पसल सञ्चालन गर्न निर्देशन दिइएको हो।'

# सडक पुगेपछि लेकमा धमाधम भेडीगोठ



**ढोरपाटन (बागलुङ)–** समुद्री सतहदेखि करिब तीन हजार २०० मिटरको उचाइमा छ रिग क्षेत्र। बागलुङको निसीखोला गाउँपालिका-६ मा पर्ने रिग क्षेत्र पशु चरन क्षेत्रका लागि प्रख्यात मानिन्छ। यहाँ बागलुङ, पूर्वी रुकुम र रोल्पाका भेडा गोठाला भेडाबाखा र गाईभैँसी लिएर आउँछन्।

जेठ पहिलो सातादेखि रिग उक्लने गोठाला असोज लागेपछि मात्रै गाउँ ओर्लन्छन्। लेकमा बस्ने समय चोयाका बलाङ, मान्द्रो र त्रिपालले छाएका कोठमा बस्थे। कतिले काठैकाठको गोठ बनाएर बर्खा गुजार्थे। तर, अहिले सहरबजार र गाउँ क्षेत्रमा घर गोठ छाउनका लागि प्रयोग गरिने जस्तापाताले नै रिगमा गोठ बन्न थालेका छन्। वन जंगलममा पाइने काठ र चोयाबाट गोठ बनाएर बस्ने गोठाला आजभोलि जस्ताले छाएका छोठमा बस्छन्।

लेकमा व्यवस्थित गोठनै बनाएर बस्न थालेपछि बर्खाभरि चाहिने खाद्यन्न पनि यहीँ भण्डार गर्न थालेका छन्। पहिले महिना-महिनामा गाउँ झरेर खर्च लैजाने गोठालेले अहिले एकैपटक चार महिनाका लागि पुग्ने अन्नपात गोठमा भण्डार गरेर राख्छन्। यो सबै सुविधा सडकले दिलाएको हो। राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत पर्ने पातीहाल्ने सिमानादेखि २०० मिटरमाथि गोठालाले गोठ बनाएका छन्। केही त सडक छेउमैसमेत व्यवस्थित गोठ बनाएका छन्।

सडकको सहज पहुँचको कारण गाडीमै सहजरूपमा जस्तापाता लेकमा लैजानसक्ने भएपछि उनीहरूले रिग क्षेत्रमा जस्तापाताको गोठ बनाउन थालेका हुन्। पहिले सानो झुपडी देखिने स्थानमा अहिले ठूलाठूला गोठ देख्न सकिन्छ। बर्खामा बनाउने र हिउँमा भत्काएर काठ, दाउरा बोकेर गाउँ झर्ने गोठालाले अहिले स्थायीरूपमै गोठ बनाउन थालेका हुन्। यी गोठ हिउँदको समय भने खाली हुन्छन्।

यतिबेला बागलुङ, रुकुम र रोल्पा तीनवटै जिल्लाका गोठाला लेक चढ्नेयाम भएको हुँदा रिग क्षेत्रमा वस्तुभाउको भीड देखिन्छ। रिगभन्दा माथि चार हजार २०० मिटरको उचाइसम्म भेडा लिएर गोठाला जाने गर्छन्। एक दशक अगाडिसम्म लेकमा त्रिपालसमेत नपाइने हुँदा चोयाका चित्रा तथा बलाङले गोठ छाएर बसेको निसीखोला गाउँपालिका-६ भल्कोटका लालसिंह घर्ती मगरले बताए।

सडकले गर्दा पछिल्लो समय गाउँ घरसम्म त्रिपाल, जस्तापाता र अन्य सामग्री सहजरूपमा पाइन थालेपछि गोठालाले लेकमै स्थायी गोठ बनाउन थालेको उनको भनाइ छ। उतिबेला सामान्य पानी तार्ने र हावा छेक्ने मात्रै गोठ हुने गरेको भन्दै लेकमा बस्दा निकै दुःख हुने गरेको अनुभव घर्ती मगरले सुनाए। अचेल गोठालाको दैनिकी पनि सहज बन्दै गएको उनी बताउँछन्। एक दशक अगाडि दाउरा बालेर उज्यालो गराउने गरेको स्मरण गर्दै अहिले सोलार बत्ती प्रयोग गर्ने उनको भनाइ छ।

घर्ती मगरले भने, 'पहिलेको तुलनामा अचेल धेरै परिवर्तन भएको छ, गोठभन्दा १० मिनेट हिँडेर तल पुग्यो भने मोटरबाटो भेटिन्छ, मोटरबाटोमा गाडीले गाउँबाट सामान ल्याइदिन्छ, पहिलेजस्तो भारी बोकेर ल्याउनुपर्ने अवस्था कम भएको छ, लेकमा हुने गोठ सामान्य हुन्थे, बेँसी झर्ने बेला सबै भत्काएर काठपात बोकेर लैजाने गर्थ्यौं, अहिले त्यो अवस्था छैन, आँटोपीठो पनि बर्खाभरिलाई पुग्नेगरी एकैपटक ल्याइन्छ, पहिले महिनापिच्छे गाउँ गएर ल्याइन्थ्यो।'

रोल्पाको तेलबाङका सन्तोष घर्ती मगरले केही वर्षयता धेरै गोठालाले लेकमा स्थायी गोठ बनाउन थालेको बताए। पाँच वर्ष अगाडिसम्म रिग क्षेत्रमा कुनै पनि गोठालाको स्थायी गोठ नभएको भन्दै अहिले झण्डै एक दर्जनजति गोठ बनेको उनको भनाइ छ। पशुचौपाया लिएर टाढा-टाढासम्म जानुपर्ने भएको हुँदा धेरै गोठालाको स्थायी गोठ नभएको घर्ती मगर बताउँछन्। आफूसहित रोल्पाबाट आठ जना गोठालाको समूह जेठ पहिलो साता नै रिग आएको सुनाउँदै अब असोजमा मात्रै गाउँ फर्किने उनको भनाइ छ। आफ्नो ७०० भेडाबाखा रहेको घर्ती मगरले सुनाए। *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL AQUACULTURE GROUP

पुर्व स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 305938 | चलानी नं. ६०२२०६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.

श्रम ईजाजत नं. ८९६/०६७/६८

Samakhusi, Kathmandu, Nepal, Ph No.: +977-01-4357828, 4359518, 9851003862 9841402665, P.O. Box: 5354, Town Planning, Web:info@dssnepal.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHAD AL OMAIR FARM

पूर्व स्वीकृति मिति : २०८१/०२/२३ | LT. No. 305936 | चलानी नं. ६०२२०६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Work | 2 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.

श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653 Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOSHI COOPERATIVE

पूर्व स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 305903 | चलानी नं. ६०२२०६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Manuacturing | 0 | 4 | 176,816 | १,५०,८८० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

KIZUNA H.R.SOLUTIONS PVT.LTD

श्रम ईजाजत नं. १६१२/०७९/०८०

Kizuna Bldg 3F, Tokha-7, Basundhara, Kathmandu, Nepal
Tel: 977-9857052135

रूपशाला


**'मायाका रंगहरू'मा भित्रिए कमेडियन पदम**

फिल्म 'मायाका रंगहरू'मा सिक्किमका चर्चित कमेडियन पदम तामाङ अनुबन्धित भएका छन् । तामाङ गरिमा इन्टरटेनमेन्टका सञ्चालकसमेत हुन् । उनलाई फिल्म 'मायाका रङहरू'का निर्माता तथा निर्देशक केवल तामाङले हालै काठमाडौंमा अनुबन्धित गरेका हुन् । यसअघि फिल्ममा अभिनेता पल शाह, सुनिल थापा र बुद्धि तामाङ अनुबन्धित भैसकेका छन् । निर्देशक तामाङले फिल्मका लागि प्रमुख नायिकाको खोजी भइरहेको बताए । प्रमिस इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन काठमाडौं र इलामसँगै भारतको दार्जिलिङमा गरिनेछ । पुनम तामाङ प्रस्तुतकर्ता रहेको फिल्मको निर्माता आरबी थाङदेन हुन् ।





## 'मिष्टर नेपाल २०२४'को आवेदन खुल्ला




**काठमाडौं (प्रस)** – 'मिष्टर नेपाल २०२४'को खोजी सुरु भएको छ । आयोजक नेक्स्ट मोडल्सले विहिबार एक बिज्ञप्ती जारी गर्दै मिष्टर नेपालको नयाँ संस्करणका लागि आवेदन खुल्ला भएको जनाएको हो । १८ वर्षदेखि २८ वर्ष ननाघेका युवाहरूले सहभागीता जनाउन सक्ने प्रतियोगिताको आवेदन इसेवा तथा नेक्स्ट मोडल्स नेपालको कार्यलय वा सामाजिक संजालबाट समेत प्राप्त गर्न सकिनेछ ।

प्रतियोगितामा विश्वका जुनै कुनामा रहेका ५ फिट ७ इन्च माथि उचाई भएका नेपाली नागरिकले सहभागिता जनाउन सक्नेछन् । बिज्ञप्तीमा अनुसार असारको अन्तिम साताबाट मिस्टर नेपालका लागि देशभर अडिसन हुनेछ । देशभर छरिएर रहेका युवाहरूलाई सहभागीताको अवसर प्रदान गर्दै उत्कृष्ट प्रतिभा चयन गर्न देशभर अडिसन हुँदै आएको हो । प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२४' वा 'मिष्टर ग्लोवल २०२४' मा नेपालको प्रतिनिधित्वको अलवा नगदर पुरस्काररर बिभिन्न गिफ्ट समेत जित्न सक्नेछन् ।

देशैभरि छरिएर रहेका प्रतिभालाई समेट्ने उद्देश्यले आयोजना गर्न लागिएको प्रतियोगितामा अडिसनबाट छानिएका प्रतियोगीलाई मात्र अन्तिम प्रतिस्पर्धाको तयारी कक्षा स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षणमा सहभागी गराइनेछ । प्रतियोगितामा नेपालको आन्तरिक पर्यटनको विकासका लागि समेत विभिन्न गतिविधि सञ्चालन हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन् ।

यस बर्षको प्रतियोगीता बिगतको भन्दा भब्य हुने र त्यसको तयारमिा आफु जुटिसकेको आयोजक नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए । युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१ देखि नियमित आयोजना हुँदै आएको हो ।

# जसका गीत करोड क्लबमा छन्...



**राजन गुरुङ**ले जीवनमा थोरै गीत गाए । तर, जति गाए सबै सुपर हिट् छन् । उनले स्वर भरेका गीत नेपाली दर्शक तथा श्रोताहरूको मन मनमा बसेका छन् । जस्तो कि 'साँझको बेला', 'मै जन्मेको घान्द्रुक गाउँ', 'आकाशै माथी', 'बेसीमा गौ, लेकैमा जौ', 'सम्झना बिर्सना', 'उही खोलीमा पानी' सबै गीत सुपर हिट् छन् ।

राजन गुरुङका गीतमा गाउघरको जनजीवन, संस्कृति, मौलिक भाका, माया प्रेम समेटिएको हुन्छ । उनी चर्चाका लागि भन्दा खुसी र सन्तुष्टिका लागि गाउने गायक हुन् । उनी २०६१ सालमा सांगीतिक क्षेत्रमा प्रवेश गरे । उनले रेकर्ड गरेको पहिलो गीत थियो, पारी शितल बनैमा, पिरती लगाउने धोको मनैमा ।

### करोड क्लबमा राजनको 'उही खोलीमा पानी'

राजन गुरुङले स्वर भरेका गीतहरू युट्युबमा लाखौं श्रोता तथा दर्शकहरूले हेरेका छन् । त्यो मध्ये सबैभन्दा सुपरहिट गीत हो, 'उही खोलीमा पानी' । सन् २०१६ को १५ नोभेम्बरमा युट्युबमा अपलोड भएको यो गीतले हालसम्म झण्डै साढे २ करोड भ्युज पाएको छ । आफ्नो गीत करोड क्लबमा परेपछि राजनले स्पेशल सेलिब्रेट गरे । उनले लोकप्रिय गायक प्रेमराज महत लगायत राष्ट्रिय लोक तथा लोक दोहोरी प्रतिष्ठान मस्यौदा समितिको बिधान मस्यौदा संयोजक हरीप्रसाद न्यौपानेलाई निम्तो दिएर विशेष कार्यक्रमको आयोजना नै गरे ।

'उही खोलीमा पानी' गीतको लय सिर्जना गरे बापत बसन्त थापालाई ५ हजार ५ सय ५५, म्युजिक एरेन्जर आशिष अबिरललाई १० हजार, गायिका देबी घर्तिलाई १५ हजार, नृत्य बापत करिश्मा ढकाल र रश्मी तामाङ १० हजार रूपैंयाँ खुसीले दिए । र, गीतको शब्द सिर्जना गर्ने केशब पौडेल सम्मान स्वरूप १ लाख रूपैयाँ प्रदान गरे ।

राजनको 'उही खोलीमा पानी' एउटै गीतले युट्युबबाट ५० लाख रूपैंयाँ भन्दा बढी कमाई गरेको छ । उनले सबैलाई प्रोत्साहन स्वरूप आफ्नो टिमका सबैलाई केही रकम बाँडे । 'उनीहरू पनि बाँच्नुपर्‍यो । म मात्र रमाएर भएन नि ।' उनी भन्छन् । यस गीतमा उनको लगानी ४ लाख रूपैंयाँ थियो । उनलाई चिनाएको र हिट् बनाएको यसै गीतले हो । देश, विदेश भ्रमण गर्न पाएको यही गीतले हो । यति भएर पनि उनलाई आफू चर्चित गायक भन्ने घमण्ड, लोभ, लालच छैन ।

राजनलाई गायक गायिकाहरूबाट गीत गाउँनका लागि प्रस्ताब आएर पनि उनले गाएनन् । उनले जस्तो पायो त्यस्तै गीत गाउँदैनन् । छानेर, मनपर्‍यो भने मात्र गाउँने गर्छन् । पहिला पहिला गीत संगीतमा रोयल्टी भन्ने हुदैनथ्यो । अहिले युट्युबबाट कमाई हुन्छ । स्टेज कार्यक्रम पायो भने त्यहाबाट पनि कमाई हुन्छ । फिल्म बनाउन लाग्नु भएन ? राजनलाई सोधियो । 'सोच छ ।' उनी भन्छन्, 'तर, अलि पछी बनाउँछु ।' उनी जीवनप्रति प्रष्ट छन् । उनको कोहीसंग प्रतिष्पर्धा छैन । मेरो प्रतिष्पर्धी अरु कोहीसंग छैन । आफ्नो प्रतिष्पर्धा आफैसंग हो । उनी भन्छन्, 'सबैभन्दा महत्वपूर्ण कुरा भनेको आफ्नो परिवार रहेछ । बाहिरका सम्बन्धहरू स्वार्थमा बढी चल्छन् ।' उनले भने 'पैसा र फेक मानिस एकै एकै लाग्छन् ।'

### विदेश यात्रा

गायक राजन हालसम्म जापान, कोरिया, अस्ट्रेलिया, बेलायत, कतार, मलेसिया लगायतका देश घुमे । सांगितिक कार्यक्रमका सिलसिलामा उनी पहिलो पटक २०१७ मा बेलायत पुगे । दोस्रो पटक २०१९ मा पनि बेलायत पुगे । सबैभन्दा सफा जापान लाग्यो । कोरियन फुड सबैभन्दा मीठो लाग्यो । बस्नका लागि चाही बेलायत आनन्द लाग्यो ।

नेपालमा उनले सिन्धुली, हेटौंडा, फापरबारी, मकवानपुर, दोलखा, चरिकोट पश्चिम नेपालगञ्ज, डोटी, डडेलधुरा सुर्खेत, रोल्पा, दाङ, धनगढी, पोखरा, बाग्लुङ । सबैभन्दा राम्रो आफनै् गाउ घान्द्रुक लाग्यो । अझै पुग्न मन लागेका थुप्रै ठाउहरू छन् । उनलाई सगरमाथा चढ्ने इच्छा छ । पुख्यौली कास्कीको घान्द्रुक भएका उनी नवलपुरमा जन्मे । नवलपुर नै उनको कर्मथलो बन्यो । नवलपुरमा धान, गहुँ, मकै बाह्रै मास उब्जनी हुन्थ्यो । खेती राम्रो हुन्थ्यो । त्यही सम्भाबना देखेर उनका पुर्खाले नवलपुर बसाई सरेका थिए ।

### १९ मै गरे लभ म्यारिज

राजनले १९ वर्षको उमेरमा लभ म्यारिज गरे । साइकल चढेर रोधी बस्न जान्थे उनी । नवलपुरमै उनको विवाह भयो । अहिले पहिला जस्तो रोधी बस्ने चलन छैन । उनका ठूला छोरा अजन बिए पास गरिसके, कान्छो छोरा प्रज्वलले प्लस टु पास गरे । उनका २ छोरी छन् । प्रजिना ४ कक्षामा र सुरजिना एक कक्षामा पढ्छिन् ।

### खेलकुदमा राजनको रूची

राजन कुनैबेला एस के क्लबका अध्यक्ष थिए । खेलकुद, सांस्कृतिक गतिबिधीहरू पनि उनले सञ्चालन गरियो । नवलपुर फुटबल क्लबको स्ट्राइकर हुन् उनी । अहिले पनि खेल्छु । जिल्ला स्तरियमा कराँतेको ब्ल्याकबेल्ट हुन् । तेक्वान्दोका टु डान हुन् । उनी स्नुकर पनि खेल्छन् । फुटबलमा त धेरै पटक जितेका छन् । खेलकुदमा स्कुलदेखी नै रुची थियो । एथ्लेटिक्समा पनि रुची थियो । उनले सिकाएका गुभीराम घले हाल तेक्वान्दोका नेपालको राष्ट्रिय प्रशिक्षक छन् ।

### राजनको भावि योजना

परिवार ब्यबस्थित गर्ने । अझै मौलिक र राम्रा गीतहरू ल्याउँने । गुरुङ गीत गाउँन मन छ । गाएको छैन । पर्यटन र कृषिमा समर्पित भएर लाग्ने रहर छ । नवलपुरलाई पर्यटकिय केन्द्र बनाउने सपना छ । कति पूरा होलान् नहोलान् । तर, कोशिस जारी रहनेछ । उनमा विदेस मोह छैन । नेपालमै बस्ने, केही व्यवसाय गर्ने लक्ष्य छ । हामी जस्तो युवा विदेसिनु देश कमजोर हुनु हो भन्ने उनलाई लाग्छ । अमेरिका गएको भए धेरै पहिले गईसक्थे । अवसर पाएर पनि उनी गएनन । उनलाई काठमाडौ आउन खासै मन लाग्दैन । गाउलेको माया, प्रेमले सबै कुरा भुलाईदिन्छ । गाउको हरियालीले लोभ्याउछ । गाउमा अक्सिजन छ । शहरमा धुलो, धुँवाले दिक्क बनाउँछ ।

◆ **ललित आर**



**टी-२० विश्वकप**

# अस्ट्रेलिया र युगान्डा विजयी




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अस्ट्रेलियाले जारी टी-२० विश्वकपमा विजयी शुरुवात गरेको छ । बिहिबार बिहान सम्पन्न खेलमा अस्ट्रेलियाले ओमानलाई ३९ रनले पराजित गर्दै विजयी शुरुवात गरेको हो ।

अस्ट्रेलियाले दिएको १६५ रनको लक्ष्य पछ्याएको ओमानले २० ओभरमा ९ विकेट गुमाउँदै १२५ रन मात्र बनाएको थियो । ओमानका लागि आयान खानले ३६ रन बनाएका थिए भने मेहरान खानले २७ रन बनाएका थिए । त्यस्तै अस्ट्रेलियाका बलर मार्कस स्टोइनिसले सर्बाधिक ३ विकेट लिएका थिए भने नाथन इलिस, मिचेल स्टार्क र एडम जाम्पाले २-२ विकेट लिएका थिए ।

यस अघि टस हारेर पहिला ब्याटिंग गरेको अस्ट्रेलियाले २० ओभरमा ५ विकेट गुमाएर १६४ रन बनाएको थियो । अस्ट्रेलियाका लागि मार्कस स्टोइनिसले सर्वाधिक ६७ रन बनाएका थिए भने डेभिड वार्नरले ५६ रन बनाएका थिए । त्यसैगरी ओमानका बलर मेहरान खानले २ विकेट लिएका थिए । समुह बि अन्तर्गत अस्ट्रेलियाले यो जितपछि महत्वपूर्ण २ अंक हासिल गरेको छ । त्यस्तै ओमानले भने लगातार दोस्रो हार बेहोरेको छ । अब अस्ट्रेलियाले अर्को खेल जुन ८ मा इङल्याण्डविरुद्ध खेल्ने छ भने ओमानले अर्को खेल जुन ९ मा स्कटल्याण्डविरुद्ध खेल्ने छ ।

### युगाण्डाको पहिलो जित

युगाण्डाले जारी टी-२० विश्वकपमा पहिलो जित हासिल गरेको छ । विहिबार बिहान सम्पन्न समुह सी अन्तर्गतको खेलमा युगाण्डाले पीएनजीलाई ३ विकेटले पराजित गरेको हो । पिएनजीले दिएको केवल ७८ रनको लक्ष्य पछ्याएको युगाण्डाले १८.२ ओभरमा ७ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो ।

यस अघि टस हारेर पहिला ब्याटिंग गरेको पिएनजीले १९.१ ओभरमा अल आउट हुदै ७७ रन मात्र बनाएको थियो । समुह सी मा रहेको युगाण्डाको यो दोस्रो खेलमा पहिलो जित हो । यो जितसँगै युगाण्डाले २ महत्वपूर्ण अंक हासिल गरेको छ । त्यस्तै पिएनजीले भने लगातार दोस्रो हार बेहोरेको छ ।

अब युगाण्डाले अर्को खेल जुन ९ मा वेस्ट इन्डिजसँग खेल्ने छ । त्यस्तै पिएनजीले अर्को खेल जुन १४ मा अफगानिस्तानसँग खेल्ने छ ।

## बागमतीलाई कराते प्रतियोगिताको उपाधि

**काठमाडौं (प्रस)–** नेपाल कराते महासङ्घको आयोजनामा भएको ५६औं राष्ट्रिय कराते प्रतियोगिताको उपाधि वाग्मती प्रदेशले जितेको छ । कूल १५ स्वर्ण, आठ रजत र १० कास्यपदकका साथ वाग्मती समग्रमा टिम च्याम्पियन बनेको हो ।

सातदोबाटोस्थित कराते हलमा आज भएको उक्त प्रतियोगितामा १५ स्वर्ण, २ रजत र ३ कास्य जितेको नेपाल प्रहरी दोस्रो भयो । तेस्रो स्थानको कोशी प्रदेशले ११ स्वर्ण हात पार्‍यो । विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङ, आयोजक महासङ्घका अध्यक्ष युवराज लामालगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो । तीनदिने उक्त प्रतियोगितामा करिब पाँच सय खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ ।

## गण्डकी अपराजित

**काठमाडौं (प्रस)–** गण्डकी प्रदेशले प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिगमा अपराजित यात्रा कायमै राखेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बिहीबार सम्पन्न खेलमा गण्डकीले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-१ सेटमा पराजित गरेको हो । पहिलो सेट २५-१७ ले जितेको गण्डकीले दोस्रो सेट २४-२६ ले गुमाएको थियो । तर, त्यसपछिका दुई सेट २५-२० र २५-२१ ले जित्दै गण्डकीले अपराजित यात्रालाई ६ खेलसम्म लम्ब्यायो । जारी प्रतियोगितामा गण्डकी अपराजित रहने एक्लो टोली हो ।

### एपिएफ विजयी

प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिगअन्तर्गतको पुरुषतर्फको खेलमा विभागीय टोली नेपाल सशस्त्र प्रहरी बलको एपिएफ क्लब विजयी भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको खेलमा एपिएफले कोशी प्रदेशलाई ३-१ सेटमा पराजित गर्‍यो ।

# महानगरपालिका पहिलो राष्ट्रिय स्नुकर च्याम्पियनसिप सुरु



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** 'काठमाडौं महानगरपालिका पहिलो राष्ट्रिय स्नुकर च्याम्पियनसिप कप' सुरु भएको छ । नेपाल बिलियार्डस स्नुकर तथा पुल संघले एभरेष्ट होटल बानेश्वरमा सुरु गरेको प्रतियोगिताका खेलाडीहरूको प्रोत्साहनका लागि काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन), उपप्रमुख सुनिता डंगोल, प्रमुख प्रशाकीय अधिकृत प्रदीप परियार, सामाजिक समितिका संयोजक रामकुमार के. सी. शुभारम्भ अवसरमा सहभागी भएका थिए । त्यस क्रममा प्रमुख शाह, उपप्रमुख डंगोल र समितिका संयोजक के. सी. ले, क्युबलले ब्रेक गरेका थिए ।

त्यसपछिको संक्षिप्त प्रतिक्रियामा उपप्रमुख डंगोलले, युवाहरूका बिचमा लोकप्रिय खेलका रूपमा परिचित स्नुकरलाई रचनात्मक विकासमा उपयोग गर्न लागिएको बताइन् । यस्तै सामाजिक समितिका संयोजक के. सी. ले, महानगरपालिकाले खेल क्षेत्रमा लगानी बढाउँदै गएको र यसबाट युवाहरूलाई सिर्जनशील हुन सहयोग पुग्ने अपेक्षा गरिएको बताए । प्रतियोगिताका लागि ४५ वटा जिल्लाबाट छानिएका २५६ जना खेलाडीमध्ये पहिलो र दोस्रो चरणबाट छनोट भएका ६४ जना खेलाडी तेस्रो चरणको प्रतिस्पर्धामा सहभागी भएका छन् । खेल नकआउटका आधारमा हुनेछ । ४ वटा बोर्डमा आज १६ वटा खेल हुनेछन् । १८ बर्षदेखि ५४ बर्षसम्मका खेलाडीहरू प्रतियोगितामा सहभागी छन् ।

७२ स्क्वायर फिटको टेवलमा यो खेल खेलिन्छ । संघका केन्द्रीय अध्यक्ष सरोजकुमार मुल्मीकाअनुसार भारतमा वेलायती सैनिक क्याम्पमा सैनिकहरूको मनोरञ्जनका लागि खेल थालिएको हो । 'अनुशासन, धैर्यता, एकाग्रता र व्यवहारिक सिपयुक्त यो खेल राष्ट्रिय खेलका रूपमा स्थापित हुन सकेको छैन ।' मुल्मीले भने, 'खेलाडीहरूले अन्तरराष्ट्रिय स्नुकर च्याम्पियनसिपमा विभिन्न विधामा उत्कृष्ट नतिजा हासिल गरेका छन् । नेपाल अन्तरराष्ट्रिय स्नुकर च्याम्पियनसिपका दृष्टिले १६ औं उत्कृष्ट स्थानमा छ । खेलको विकास र विस्तारका लागि प्राप्त सहयोगबाट स्नुकर राष्ट्रिय खेलका रूपमा स्थापित हुनेछ ।' महानगरपालिकाको नेतृत्व युवाको हातमा पुगेकोले स्नुकरले स्थान पाएको बताउँदै अध्यक्ष मुल्मीले, महानगरपालिकाको लगानीबाट युवाहरूमा सकारात्मक उर्जा प्रवाह भएको उल्लेख गरे ।

खेलका विजेतालाई नगद २ लाख ५१ हजार रूपैयाँ, उपविजेतालाई नगद १ लाख रूपैयाँ र सेमी फाइनलिष्टलाई नगद ५० हजार रूपैयाँसहित पुरस्कार प्रदान गरिनेछ । यस्तै १४७ को म्याक्सिमम हाइएष्ट ब्रेक गर्नेलाई नगद ७५ हजार रूपैयाँ, सेन्च्युरी (१००) ब्रेक गर्नेलाई नगद ५० हजार रूपैयाँ र ८० को हाइएष्ट ब्रेक गर्नेलाई २५ हजार रूपैयाँ नगदसहित पुरस्कार प्रदान गरिनेछ । क्वाटर फाइनलिष्टलाई नगद १० हजार रूपैयाँ, प्रि क्वाटर फाइनलिष्टलाई नगद ५ हजार रूपैयाँ, वेष्ट प्लेयर र वेष्ट राइजिङ् प्लेयरलाई १५-१५ हजार रूपैयाँ नगदसहित पुरस्कृत गरिनेछ । खेलको समापन जेठ २९ गते हुनेछ ।



इजरायली लडाकु विमानहरूले मध्य गाजा पट्टीको बुरेइज र माघाजी शरणार्थी शिविरहरूमा लक्षित गरी आक्रमण गरेपछि त्यहाँबाट विस्थापित प्यालेस्टाइनीहरू अन्यत्र जाँदै ।

*तस्बिरः सिन्ह्वा*

# ‘विद्यार्थी संख्या नियन्त्रण अस्ट्रेलियाको अर्थतन्त्रका लागि हानिकारक’

**क्यानबेरा–** अस्ट्रेलियाको सरकारले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको संख्या सीमित गर्ने कदम अर्थतन्त्रका लागि हानिकारक हुने विश्वविद्यालय अनुगमनकारी सर्वोच्च निकायले चेतावनी दिएको छ ।

बुधबार एक शैक्षिक सम्मेलनलाई सम्बोधन गर्दै ‘युनिभर्सिटीज अस्ट्रेलिया’का प्रमुख कार्यकारी ल्युक सिहीले आप्रवासन घटाउने प्रयासमा सरकारले खुलारूपमा अन्तर्राष्ट्रिय विद्यार्थीलाई लक्षित गरिरहेको बताए । उनले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको संख्यामा कटौती अदूरदर्शी कार्यक्रम भएकाले अस्ट्रेलियाको अर्थतन्त्रमा प्रतिकूल असर पार्ने बताएका छन् ।

अस्ट्रेलियाको अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रले राष्ट्रियस्तरमा दुई लाख ५० हजार रोजगारीलाई समर्थन गर्दछ । शिक्षामा मात्र नभई खुद्रा, पर्यटन र आवासजस्ता क्षेत्रहरूमा पनि रोजगारीका अवसरहरू रहेको उनले बताए । अस्ट्रेलियामा अन्तर ष्ट्रिय विद्यार्थीहरूको संख्या फेब्रुअरीमा सात लाख नाघेपछि मे महिनामा सत्तारुढ लेबर पार्टीले अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सीमित गर्ने योजना घोषणा गरेको थियो । अस्ट्रेलियन ब्युरो अफ स्टाटिस्टिक्स (एबिएस) का अनुसार अस्ट्रेलियाको अन्तर्राष्ट्रिय शिक्षा उद्योग सन् २०२३ मा ४७.८ अर्ब अस्ट्रेलियाली डलरको रेकर्ड थियो, सन् २०२२ मा २६.६ अर्बबाट ७९.६ प्रतिशतभन्दा माथि पुगेको थियो ।

अस्ट्रेलियाका चार ठूला बैंकहरूमध्ये एक नेसनल अस्ट्रेलिया बैंक (एनएबी) का अर्थशास्त्रीहरूले मार्चमा जारी गरेको विश्लेषणले सन् २०२३ मा अस्ट्रेलियाको आर्थिक वृद्धिको आधाभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूको खर्च रहेको खुलासा गरेको छ । अन्तर्राष्ट्रिय विद्यार्थीको शीघ्र फिर्ती नभएको भए राष्ट्र खतरनाकरूपमा मन्दीको नजिक झर्ने उनले बुधबार बताए ।

सरकारको प्रस्तावित कानुनअन्तर्गत शिक्षामन्त्रीलाई पाठ्यक्रम र शिक्षा प्रदायकका लागि नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा सीमा निर्धारण गर्ने अधिकार दिइने छ । अस्ट्रेलियामा हुने शुद्ध वार्षिक आप्रवासन सन् २०२२/२३ मा उच्च पाँच लाख २८ हजार बाट सन् २०२४/२५ मा दुई लाख ६० हजार बनाउने सरकारको व्यापक योजना रहेको छ । *रासस/सिन्ह्वा*

## अस्ट्रेलियाको आर्थिक वृद्धिदर १.१ प्रतिशत

**क्यानबेरा–** अस्ट्रेलियाको अर्थतन्त्र सन् २०२४ को पहिलो त्रैमासिकसम्मको १२ महिनामा १.१ प्रतिशतले बढेको छ भने यो वर्षको तीन महिनामा ०.१ प्रतिशतले वृद्धि भएको छ ।

अस्ट्रेलियाली तथ्यांक विभाग (एबिएस)ले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार जनवरीको सुरुदेखि मार्चको अन्त्यसम्म अस्ट्रेलियाको कुल गार्हस्थ उत्पादन (जिडिपी) ०.१ प्रतिशत र मार्चको अन्त्यसम्म १२ महिनामा १.१ प्रतिशतले बढेको छ । यो डिसेम्बर २०२० मा समाप्त भएको १२ महिनाको अवधिपछि वार्षिक वृद्धिको सबैभन्दा सुस्त दर हो । तुलनात्मकरूपमा, अस्ट्रेलियाको कुल गार्हस्थ उत्पादनको अन्तिम तीन महिनामा ०.२ प्रतिशत र डिसेम्बर २०२३ मा १.५ प्रतिशतले बढेको छ ।

विवरणबारे कोषाध्यक्ष जिम चाल्मर्सले बजारको मध्यम वृद्धिको अपेक्षाभन्दा कम भएको जनाएका छन् । कमजोर वृद्धिको प्राथमिक कारण उच्च ब्याजदर, मध्यम तर निरन्तर मुद्रास्फीति र चलिरहेको विश्वव्यापी अनिश्चिततालगायत भएको उनले बताए । यद्यपि उनले घरेलु र विश्वव्यापी परिस्थितिमा वृद्धि स्वागतयोग्य भएको जनाएका छन् । एबिएसका अनुसार प्रतिव्यक्ति आधारमा आर्थिक गतिविधिको मापन गर्ने प्रतिव्यक्ति आयमा सन् २०२४ को पहिलो त्रैमासिकको सुरूसम्मको लगातार पाँचौं त्रैमासिकसम्म गिरावट आएको छ । यो गत वर्षको सुरूदेखि यो वर्षको सुरूसम्मको अवधिमा लगातार १.३ प्रतिशतले घटेको छ । *रासस/सिन्ह्वा*

# यमनमा सरकारी सेना र हुथी विद्रोहीबीच झडप, १८ लडाकुको मृत्यु

**दुबई–** यमनको दक्षिणपश्चिम क्षेत्रमा सरकारी सेना र इरान समर्थित हुथी विद्रोहीबीच भएको भिडन्तमा १८ लडाकुको मृत्यु भएको सैनिक अधिकारीले बिहीबार एएफपीलाई जानकारी दिएका छन् । सरकारसम्बद्ध पृथकतावादी समूह र दक्षिणी संक्रमणकालीन परिषद्का प्रवक्ता मोहम्मद अल-नकिबका अनुसार लाहिज प्रान्तको सरकार नियन्त्रित भाग र ताइज प्रान्तको हुथी नियन्त्रित प्रभावित क्षेत्रमा हुथीले आक्रमण गरेपछि बुधबार झडप भएको हो ।

सन् २०२२ को अप्रिलमा संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको छ महिना लामो युद्धविरामको समयावधि सकिएपछि जारी द्वन्द्वमा कमी आएको थियो तर अकस्मात यो आक्रमण भएको छ । नकिबले एएफपीसँग भने, ‘यमनको सरकारी सेनाले आक्रमणलाई प्रतिकार गर्न सफल भएको छ, तर पाँच सैनिकले शाहदत प्राप्त गरेका छन् र अन्य केही घाइते भएका छन् ।’

ताइजस्थित हुथी सेनाका एक अधिकारीले एएफपीलाई दिएको जानकारीअनुसार एक वरिष्ठ कमाण्डरसहित १३ जना विद्रोही मारिएका छन् । यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारले हुथी आक्रमणलाई ‘विश्वासघाती आक्रमण’ को संज्ञा दिएको छ ।

बुधबार सामाजिक सञ्जाल एक्समा एक वक्तव्य जारी गर्दै सूचना मन्त्री मोअम्मर अल-एरियानीले यमनको सरकारी सेनाको जवाफी आक्रमणले हुथी लडाकुहरूलाई ठूलो क्षति पुऱ्याएको बताएका छन् । यमनमा युद्धविराम सहमतिपछि शत्रुता कम भए पनि देशका केही भागहरूमा कहिलेकाहीँ छिटपुट लडाइँहरू भड्किएका छन् । गत अप्रिलमा हुथी विद्रोहीसमूहले लाहिज प्रान्तमा गरेको आक्रमणमा यमन सरकारप्रति बफादार ११ जना लडाकु मारिएका थिए । हुथी विद्रोहीले सन् २०१४ मा यमनको राजधानी सानालाई आफ्नो नियन्त्रणमा लिएपछि त्यसको अर्को वर्ष साउदी अरबको नेतृत्वमा सैन्य हस्तक्षेप भएको थियो ।

नौ वर्षको युद्धको प्रत्यक्ष र अप्रत्यक्ष कारणले हजारौंको मृत्यु भएको छ र यसले संसारको सबैभन्दा खराब मानवीय संकट निम्त्याएको छ ।

गत डिसेम्बरमा यमनका लागि संयुक्त राष्ट्रसंघका दूत हान्स ग्रुन्डबर्गले युद्धरत पक्षहरूले नयाँ युद्धविरामका लागि प्रतिबद्धता जनाएको र द्वन्द्व अन्त्यका लागि संयुक्त राष्ट्रसंघको नेतृत्वमा शान्ति प्रक्रियामा संलग्न हुन सहमत भएको बताएका थिए । तर, गत नोभेम्बरदेखि रेड सीमामा हुथीले पानीजहाजमा गरेको आक्रमणपछि शान्ति प्रक्रिया अवरुद्ध भएको छ, यो अभियान गाजा युद्धका बीच प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउन गरिएको आक्रमण भएको विद्रोहीहरूले बताएका छन् । हुथी विद्रोहीले गाजा युद्धको फाइदा उठाउँदै लडाकु, हातहतियार र बन्दोबस्तीका सामान जम्मा गरेको मन्त्री एरियानीले दाबी गरे । *रासस/एएफपी*

# सन् २०४० सम्ममा शून्य कार्बन उत्सर्जनमा पुग्ने श्रीलंकाको प्रतिबद्ध

**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेले बुधबार सरकारले वातावरणीय दिगोपनालाई प्राथमिकतामा राखेकाले सन् २०४० सम्ममा शुद्ध शून्य कार्बन उत्सर्जनमा पुग्न प्रतिबद्ध रहेको बताएका छन् ।

राष्ट्रपतिको मिडिया डिभिजन (पिएमडी) का अनुसार विश्व वातावरण दिवस मनाउने कार्यक्रममा उनले भने, ‘श्रीलंकाले शून्य कार्बन उत्सर्जनको विश्वव्यापी उद्देश्यलाई आफ्नो राष्ट्रिय नीतिमा समाहित गरेको छ ।’ यसको प्रमाणका रूपमा विक्रमासिंघेले प्रमाणपत्रका साथ श्रीलंकाका १० उत्कृष्ट हरित रेलवे स्टेसनहरूलाई मान्यता दिए र राजधानी कोलम्बोबाट करिब १०१ किलोमिटर टाढा रत्नपुरामा वार्नगलावाट्टे वातावरणीय क्षेत्रलाई संरक्षित क्षेत्रका रूपमा तोके ।

सन् २०२३ मा जारी गरिएको एक प्रतिवेदनमा संयुक्त राष्ट्रसंघले श्रीलंकाले सन् २०४० सम्म कार्बन तटस्थता हासिल गर्ने अपेक्षा गरेको र आफ्नो कोइला पावर प्लान्टहरूको क्षमता नबढाउने प्रतिबद्धता गरेको उल्लेख गरेको छ । *रासस/सिन्ह्वा*

# म्यान्मारमा पहिरोमा परी पाँच जनाको मृत्यु

**यांगुन–** म्यानमारको खानीमा गएको पहिरोमा परी दुई चिनियाँ नागरिकसहित कम्तीमा पाँच जनाको मृत्यु हुनुका साथै अन्य सातजना बेपत्ता भएको खानीमा कार्यरत एक कामदारले बताए ।

चीनसँग सीमा जोडिएको कचिन राज्यको पाङ्वामा रहेको खानीको केही भाग मंगलबार बिहान खसेको खानीमा काम गर्ने कामदारले बताएका छन् । उनीहरूका अनुसार पहिरोका कारण पूरै पहाड झरेको, ठूलाठूला रूख ढल्दा निकै ठूलो जंगली क्षेत्र कटान भएका र कम्तीमा पाँच जनाको मृत्यु भएको साथै सात जना हराइरहेका छन् ।

उद्धारकर्ताले दुई चिनियाँ नागरिक, दुई सुरक्षाकर्मी र एक कामदारसहित पाँच जनाको शव फेला पारेको स्रोतले जनाएको छ । स्थानीय सञ्चारमाध्यमले खानीबाट पाँच जनाको मृत्यु भएको र कम्तीमा २० जना हराइरहेका बताएका छन् । म्यान्मारको सुदूरउत्तरमा मूल्यवान् पत्थर, सुन र काठजस्ता अन्य प्रचुर प्राकृतिक स्रोतहरूको खानी रहेको कचिन राज्यमा यी प्राकृतिक स्रोत जातीय कचिन विद्रोही र म्यान्मारको सेनालाई दशकौं लामो गृहयुद्धका क्रममा आकर्षक आम्दानीको रूपमा रहेका छन् ।

यो क्षेत्र इलेक्ट्रिक साधनहरूमा प्रयोग हुने चुम्बकको खानीका लागि पनि प्रसिद्ध छ । ग्लोबल विटनेसले गत महिना स्याटेलाइट इमेजरीलाई उद्धृत गर्दै पाङ्वा सहरको वरपर ३०० भन्दा बढी खानीस्थलहरू रहेको बताएको थियो । *रासस/एएफपी*

# सामुहिक कुटपिटको घटनाप्रति राष्ट्रसंघको चासो

**काबुल–** संयुक्त राष्ट्रसंघले बुधबार अफगानिस्तानमा दर्जनौं मानिसहरूलाई सामूहिक कुटपिट गरिएको भन्दै तालिबान अधिकारीहरूलाई यो अभ्यास अन्त्य गर्न आह्वान गरेको छ ।

अफगानिस्तानमा संयुक्त राष्ट्रसंघीय मिसन (युएनएएमए) ले उत्तरी सारिपुल प्रान्तमा मंगलबार करिब ६३ जनालाई कोर्रा प्रहार गरी सार्वजनिकरूपमा कुटपिट गरिएको जनाएको छ ।

‘युएनएएमएले शारीरिक दण्डको निन्दा गर्दछ र अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको सम्मान गर्न आह्वान गर्दछ,’ मिसनले सामाजिक सञ्जाल एक्समा पोस्ट गरिएको एक विज्ञप्तिमा उल्लेख गरेको छ । सन् २०२१ अगस्टमा सत्तामा फर्किएपछि तालिबान अधिकारीहरूले इस्लामिक कानुन शरियाको पुनः व्याख्या गरेका छन् ।

जनताले सार्वजनिक मृत्युदण्ड र शारीरिक यातनाहरू भोगिरहेका छन् । चोरी, व्याभिचार र रक्सी सेवनजस्ता अपराधका लागि तालिबान सरकारले कोर्रा प्रहार (कडा सजाय) गर्ने गरेको छ । रासस/एएफपी


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT No. 298372 | चलानी नं.६०२१३३७४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | HELPER/LABOR/CLEANER/WORKER | 40 | 0 | 100 | ४३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-32, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QASR GLASS COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२४ | LT. No. 298057 | चलानी नं. ६०२१३०१२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Manufacturing Labour | 9 | 0 | 1000 | ३५,५५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३२ गते (14th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४४००० | प्रति तोला - १४३३०० | प्रति तोला - १८५० |



**सिन्धुलीको चकटी** | सिन्धुलीको कमलामाई-४ ज्यामिरेका महिला आफूले बनाएको चकटी देखाउँदै । कमलामाई नगरपालिका-४ को वडा कार्यालयले यहाँका ५० जना महिलालाई १० दिने तालिममा पराल, बाबियो, थाकल, खर र खोस्टाको चकटी बनाउन सिकाएको थियो । *तस्बिरः राधिका बुढाथोकी/रासस*

# अर्थमन्त्री पुन र आइएमएफ टोलीबीच भेटवार्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को प्रतिनिधि मण्डलले अर्थमन्त्री वर्षमान पुनसँग भेटवार्ता गरेको छ । कोषको एसिया प्रशान्त डिभिजनअन्तर्गत डेपुटी डिभिजन प्रमुख तथा नेपालका लागि आवासीय प्रमुख डा टिडियान किन्डा नेतृत्वको टोलीले मन्त्री पुनसँग सिंहदरबारस्थित मन्त्रालयमा भेटवार्ता गरेको हो ।

भेटमा कोषले नेपाललाई विस्तारित कर्जा सुविधा (एक्सटेन्डेड क्रेडिट फेसिलिटी- इसिएफ) अन्तरगतको चौँथो किस्ता उपलब्ध गराउने विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।

आइएमएफ कार्यकारी बोर्डले कोरोना महामारीको समयमा २०७८ पुसमा नेपाललाई इसिएफअन्तर्गत चार वर्षभित्र ३९ करोड ८८ लाख अमेरिकी डलर सहुलियतपूर्ण कर्जा दिने निर्णय गरेको थियो । जसमध्ये यसअघि नै तेस्रो किस्ता निकाशा भइसकेको छ भने अन्तिम अर्थात चौँथो किस्ताबापत ४२ मिलियन अमेरिकी डलर (पाँच अर्ब ५९ करोड ) उपलब्ध गराउन बाँकी छ ।



विस्तारित कर्जा सुविधाको प्रत्येक किस्ता रकम निकाशा गर्नुअघि कोषले यसअघिको प्रतिबद्धताको समीक्षा गर्ने गरेको छ । सोही समीक्षाका लागि कोषको प्रतिनिधिमण्डल नेपाल आएको हो ।

भेटमा मन्त्री पुनले नेपालले आर्थिक स्थायित्व, सुशासन र वित्तीय अनुशासनलाई प्राथमिकतामा राखेको बताए । मन्त्री पुनसँगको भेटमा डा किन्डाले आइएमएफ कार्यकारी बोर्डले विस्तारित ऋण सुविधाको समीक्षा पूरा हुने चरणमा रहेकाले बाँकी रकम छिट्टै निकाशा गर्ने जानकारी दिए । उनले नेपालले वित्त र मौद्रिक नीतिको सुधार तथा वित्तीय अनुशासन कायम गर्ने विषयमा राम्रो प्रगति गरेको जनाउँदै प्रशंसा गरे ।

आइएफएफले संरचनात्मक तथा नीतिगत सुधारका क्षेत्र तथा मध्यमअवधिको भुक्तानी सन्तुलन, आन्तरिक राजस्व परिचालन, सार्वजनिक लगानी व्यवस्थापन र वित्तीय जोखिम घटाउन ईसिएफ फण्डमार्फत विभिन्न मुलुकलाई आर्थिक सहायता प्रदान गर्दै आएको । विस्तारित कर्जा सुविधा (इसिएफ) अन्तर्गतको उक्त रकम नेपालले बजेटरी सहायता शीर्षकमा राखेर खर्च गर्दै आएको छ ।

# कोशीको नीति तथा कार्यक्रम पारित

■ प्रभाव संवाददाता

**विराटनगर–** कोशी प्रदेशसभाको बैठकले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गरेको छ । प्रदेशसभा नियमावली, २०७४ को नियम ३८(३) बमोजिम प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रमलाई आजको बैठकमा प्रदेश सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेपछि पारित भएको हो ।

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेशको तर्फबाट प्रदेश प्रमुख परशुराम खापुङले यही जेठ २१ गते प्रदेशसभामा उक्त नीति तथा कार्यक्रम प्रस्तुत गरे । सो नीति तथा कार्यक्रममाथिको छलफलमा यही जेठ २२ गते १६ प्रदेशसभा सदस्य तथा जेठ २३ गते २५ प्रदेशसभा सदस्यले भाग लिई आ-आफ्ना धारणसहित सुझाव र जिज्ञासा राखेका थिए ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उठेका विषयमा विगतका वर्षमा प्रदेश सरकारले लिएका राम्रा नीति र सफल अभ्यासलाई वर्तमान सरकारले पनि निरन्तरता दिएको बताए । सरकारले सैद्धान्तिक आधारलाई आत्मसात गरी अघि बढ्न प्रयत्नशील रहेको उल्लेख गर्दै उनले दिगो विकास, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र सामाजिक क्षेत्रको विकास नीति तथा कार्यक्रममा राखिएको बताए ।

मुख्यमन्त्री कार्कीले सङ्घीयताको सबलीकरण र सुशासन प्रवर्द्धन, समन्यायिक एवं सन्तुलित विकास, आर्थिक विकासमा लगानीमैत्री वातावरण सिर्जना गर्नु प्रदेश सरकारको प्राथमिकता रहेको भन्दै योजनाबद्ध विकासका लागि प्रभावकारी स्रोत परिचालन, बजेट प्रणालीको सुधार र आर्थिक अनुशासन, दिगो विकास र जलवायु परिवर्तनका निम्ति आवश्यक नीति सरकारले बनाउने उल्लेख गरे । मुख्यमन्त्री कार्कीले कृषिको आधुनिकिकरण र व्यवसायीकरण, पर्यटन, वन तथा वातावरण संरक्षण, पूर्वाधार र औद्योगिक विकास, निजी क्षेत्रको प्रवर्द्धन प्रदेश सरकारको प्रमुख प्राथमिकताको विषय भएको चर्चा गर्दै स्वास्थ्य सेवा तथा सामाजिक विकास, कानुनी शासन र विपद् व्यवस्थापन, रोजगारी प्रवर्द्धन तथा गरिबी निवारण, सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह र सुशासनलगायत विषयम प्राथमिकतामा परेका बताए ।

मुख्यमन्त्री कार्कीले प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा गर्दै 'स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माण गर्ने' लक्ष्यका साथ दोस्रो आवधिक योजना तर्जुमा सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि योजनाबद्धरूपमा कार्यान्वयन गरिने बताए । उनले नीति तथा कार्यक्रममाथि छलफलका क्रममा आएका सुझाव, धारण र विचारलाई अनुसरण गरिने बताए । मुख्यमन्त्री कार्कीले २०८२ साललाई पर्यटन वर्षको रूपमा मनाउने जानकारी दिँदै सीमित साधन र स्रोतको बाबजुद पनि प्रदेशका जनताका आवश्यकता र चाहना पूरा गर्न क्रियाशील रहेको बताए ।

# नेप्से परिसूचक ओरालो

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार पनि ओरालो लागेको छ । लगातार ओरालो लागेको बजार पुनः थप ओरालो लागेको हो ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक एक दशमलव ९३ अंकले ओरालो लागेर दुई हजार ७७ दशमलव ७८ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २७ अंकले ओरालो लागेर तीन सय ७० दशमलव ३४ मा सीमित भएको छ । कूल ८८ लाख १३ हजार तीन सय ७४ कित्ता शेयर रु चार अर्ब ३८ करोड ८२ लाख ७८ हजार सात सय २० मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार, इमर्जिङ नेपाल, मिड सोलु हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ । बुद्धभूमि नेपाल हाइड्रोपावर नौ दशमलव ८८, माण्डु हाइड्रोपावर आठ दशमलव ४३ र सुपर मादी हाइड्रो पावरका लगानीकर्ताले सात दशमलव ५८ कमाएका छन् ।

त्यस्तै, माई खोला हाइड्रोपावर छ दशमलव ४०,ज्योति विकास बैंकको ऋणपत्र पाँच दशमलव ३१, नारायणी डेभलपमेन्ट बैंक पाँच दशमलव ३१, पोखरा फाइनान्स पाँच १२ र स्वाभिमान लघुवित्तका लगानीकर्ताले चार दशमलव ५६ प्रतिशतले गुमाए ।

## कर्पोरेट

### ग्लोबल आइएमई र त्रिवेणी मोटोकर्पबीच सम्झौता




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र त्रिवेणी मोटोकर्प प्रा.लि. बिच विद्युतीय सवारी कर्जासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

समझदारी पत्रमा बैंकका साना, मझौला तथा खुद्रा एवं कृषि कर्जा विभाग प्रमुख नरहरि सिलवाल र त्रिवेणी मोटोकर्प प्रा.लि.का तर्फबाट वरिष्ठ महाप्रबन्धक अनुज कुमार गोयलले हस्ताक्षर गरेका छन् । उक्त समझदारी अनुसार बैंकले त्रिवेणी मोटोकर्प प्रा.लि. तथा उक्त कम्पनीका आधिकारिक बिक्रेताले बिक्री गर्ने विद्युतीय सवारी साधन खरिदका लागि सर्वसुलभ व्याजदरमा छिटो, छरितो र सहज कर्जा प्रवाह गर्नेछ ।

बैंकले ग्रिन फाइनान्सिङ प्रवर्द्धन गर्न विद्युतीय सवारी साधनलाई सर्वसुलभ व्याजदरमा कर्जा प्रवाह गर्दै आएको छ । त्यसैगरी, बैंकले व्यक्तिगतरूपमा 'अटो लोन' तथा व्यवसायिक प्रयोजनका लागि 'हायर पर्चेज' कर्जा प्रवाह गर्ने गरेको छ । ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लावान्भित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

### मन्जुश्री फाइनान्सको टप-अपमा क्यासब्याक अफर

**काठमाडौं (प्रस)–** मन्जुश्री फाइनान्सले टप अपमा क्यासब्याक अफर ल्याएको छ । अब मन्जुश्री स्मार्टबाट टपअप गर्दा २० प्रतिशत वा अधिकतम ५० रूपैयाँसम्मको क्यासब्याक पाइनेछ । मञ्जुश्रीले एफ-१ सफ्ट सँगको सहकार्यमा मन्जुश्रीले सो अफर सिमित अवधिको लागि ल्याएको छ ।




पछिल्लो त्रैमासससम्ममा सबैभन्दा बढी नाफा कमाउन सफल रहेको यस फाइनान्सले २७ शाखाबाट सेवा दिँदै आएको छ । यस फाइनान्सले उच्चतम ब्याज दरमा निक्षेप तथा सुलभ दरमा कर्जा प्रवाह लगायत आफ्ना ग्राहकहरूलाई रेमिटान्स, मोवाइल बैंकिङ्ग, एटिम कार्ड लगायतका अन्य आधुनिक बैंकिङ्ग सुविधा उपलव्ध उपलब्ध गराउदै आएको छ ।

# रेसाजन्य वस्तुबाट आकर्षक सामग्री तयार

■ प्रभाव संवाददाता

**रामपुर (पाल्पा)–** गाउँघरमा प्रशस्त मात्रामा पाइने मकैका खोस्टा, वनजङ्गलमा पाइने थाकललगायत प्रयोगमा ल्याउन नजान्दा त्यत्तिकै खेर गइरहेका हुन्छन् । मकैको खोस्टा र थाकलको पातबाट आकर्षक किसिमका विभिन्न सामग्री तयार पार्न सकिन्छ भन्ने पाल्पा रामपुरका महिला उदाहरणिय बनेका छन् । यहाँका महिलाले वनजङ्गलमा खेर गइरहेको थाकलको पात, मकैको खोष्टालाई सङ्कलन गरी आकर्षक सामग्री तयार पारेका छन् ।

रामपुर नगरपालिकाको सहयोगमा एक महिनासम्म प्राकृतिक रेसाजन्य वनस्पतिको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री उत्पादनसम्बन्धी ज्ञान, सीप पाएपछि महिला टोपी, झोलालगायत सामग्री उत्पादन गर्न सक्ने भएका छन् । 'सीप र ज्ञान नहुँदा गाउँमा पाइने वस्तुको उपयोगमा ल्याउन सकिएको थिएन, अब हातमा सीप भएपछि आफूलाई आवश्यक पर्ने विभिन्न सामग्री तयार पार्न सक्ने भएका छौँ', सुमन खाम्चा मगरले भने । 'हाम्रा गाउँघरका जङ्गलमा थाकल, मकैका खोष्टा प्रशस्तै हुन्छन्, सामग्री खरिदमा खर्च गर्नु पर्दैन, यसलाई सदुपयोग गर्न नजान्दा यत्रतत्र त्यत्तिकै खेर जान्थ्यो, अब भने सीप भएपछि घर सजावटका लागि विभिन्न आकर्षक सामग्री आफैँले तयार पार्न सकिन्छ,' उनले भने ।

कच्चासामग्री खरिदमा रकम खर्च गर्न नपर्ने, गाउँघरमा भने जति सामग्री पाइने भएकाले महिलाका लागि यो सीप अति उपयोगी रहेको रेखा पौडेलले बताइन् । नगरपालिकाले ओम राजश्री मल्टी एग्रो प्रालि काठमाडौँको प्राविधिक सहयोगमा नगरभित्रका ४० महिलालाई सीप प्रदान गरेको छ । सीप सिकेसँगै व्यावसायिक उत्पादनमा जोड दिने महिलाहरू बताउँछन् ।

नगरप्रमुख रमणबहादुर थापाले उत्पादित हस्तकला सामग्री नगरपालिकाले खरिद गरिदिने र उत्पादनका आधारमा अनुदान दिने बताए । 'हातमा सीप नभएर केही गर्छु भन्नेहरू खाली बस्नुपरेको छ । आयआर्जनमुलक क्षेत्रमा प्रोत्साहन गर्न विभिन्न सीपमूलक तालिम दिइरहेका छौँ', उनले भने, 'महिलाहरू आत्मनिर्भरतर्फ अगाडि बढ्नुभएको छ, स्थानीय उत्पादित वस्तुको बजारीकरण नगरपालिकाले गर्नेछ ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ